# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क ४१ पूर्णाङ्क १८६ २०७७ जेठ १९ गते सोमबार Monday, 1 Jun., 2020 पृष्ठ ८ मूल्य रू. १०।–


## अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको शोक वक्तव्य

### *आमाप्रति हार्दिक श्रद्धाञ्जली र राजु भुजेल र शोकमग्न सम्पुर्ण परिवारजनमा गहिरो समवेदना*



हाम्रो गौरवशाली संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय समिति सदस्य सहयोद्धा मित्र राजु भुजेलको ममतामयी माता श्री विवामाया भुजेलको २०७७/०२/१० गते प्राणान्त भएको दुःखद खबरले हामी र हाम्रो महासंघ स्तब्ध भएको छ। उहाँ लमजुङ जिल्ला मध्य नेपाल न.पा. वडा नं. ७ मा १९९८/०५/०८ मा *बाँकी ४ पेजमा*

# सर्वत्र 'गो ब्याक इण्डिया, गो ब्याक अमेरिका'

## *सरकारको नीति तथा कार्यक्रम र बजेटमा 'राष्ट्रघाती एमसीसी'*




काठमाडौं । नेपालमा यतिखेर 'गो ब्याक इण्डिया गो ब्याक अमेरिका' को नाराहरू चौतर्फी रूपमा उर्लिरहेका छन् । सामाजिक सञ्जालदेखि सडकहुँदै संसदसम्म नेपालमा बढिरहेको इण्डियन हस्तक्षेप र अमेरिकी हस्तक्षेपको चर्को विरोध भइरहेको छ । सडकमा नेकपा (क्रान्तिकारी माओवादी)ले भारतीय र अमेरिकी हस्तक्षेपका विरुद्धमा विरोध प्रदर्शन गरिरहेको छ भने संसदमा संसदमा सत्तारुढ डबल नेकपाभित्रकै सांसदहरूले हस्तक्षेपको विरोध गरिरहेका छन् । प्रतिबन्धित नेकपा, नागरिक अगुवाहरूले पनि भारतीय हस्तक्षेप र अमेरिकी साम्राज्यवादी परियोजना एमसीसीको एकसाथ विरोध गरिरहेका छन् । कोरोना भाइरसको महामारीका कारण जारी लकडाउनको बेवास्ता गर्दै देशभक्त क्रान्तिकारीहरू सडकमा उत्रिएर 'गो ब्याक इण्डिया, गो *बाँकी ६ पेजमा*

## दलित युवाको हत्या सामन्तवादी संस्कृति र पश्चगामी चेतनाको निकृष्ट अभिव्यक्ति, दोषीलाई हदैसम्मको कारबाही गर : क्रान्तिकारी माओवादी



काठमाडौं । २०७७ जेठ १० गते भेरी नगरपालिका वडा नं ४ रानागाउँ जाजरकोटका नवराज वि.क. र चौरजारी नगरपालिका वडा नं ८ रुकुमकी लक्ष्मी मल्लका बीचको प्रेम सम्बन्धका कारण भडकिएको विवादमा निज नवराज वि.क., टीकाराम वि.क. र गणेश बुढामगरको हत्याको घटना सामन्तवादी संस्कृति र पश्चगामी चेतनाको निकृष्ट अभिव्यक्ति हो भन्दै नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले घटनालाई *बाँकी ८ पेजमा*

## अमेरिकी साम्राज्यवाद आन्तरिक संकटमा



प्रहरी नियन्त्रणमा रहेका अफ्रिकी मूलका एक जना अमेरिकी मारिएको विरोधमा अमेरिकाका विभिन्न सहरमा गरिएका प्रदर्शनमा झडप भएका छन । जर्ज ल्फोरिडको मिनियापोलिस प्रहरीका एक अधिकारीले घुँडाले घाँटी थिचेका कारण ज्यान गएको थियो ।

न्युयोर्क, एटलान्टा, पोटल्यान्डलगायत सहरहरूमा गरिएका प्रदर्शन हिंसात्मक बन्दै गएका छन । प्रदर्शनकारीले जर्जियास्थित सीएनएनको कार्यालय नजिकै प्रहरीको एउटा कार जलाइदिएका छन । *बाँकी ४ पेजमा*

# संयुक्त दलित संघर्ष समितिको प्रदर्शनमा प्रहरीको निर्मम दमन, नेता टेकबहादुर विक लगायत आधा दर्जन घाइते




काठमाडौं । रुकुम नरसंहारको विरोधमा सडक प्रदर्शनमा उत्रिएका संयुक्त दलित संघर्षको कार्यक्रममाथि प्रहरीले निर्मम दमन गरेको छ । आइतबार माइतीघर मण्डलामा संघर्ष समितिले गरेको विरोध प्रदर्शनमाथि प्रहरीले अन्धाधुन्ध लाठि चार्ज गर्दा संयुक्त दलित संघर्ष समितिका नेता तथा नेकपा (क्रान्तिकारी माओवादी) निकट दलित मुक्ति मोर्चाका ३ नं. प्रदेश संयोजक *बाँकी ८ पेजमा*

# सुकुम्बासीलाई तत्काल धनीपुर्जा दिन नेकपा (क्रान्तिकारी माओवादी)मोरङको माग

## मिलेनियम च्यालेन्च कर्पोरेसन (एमसीसी) नेपालको हितमा नहुने भएकाले राष्ट्रघाती सो कदम खारेज गर्न माग



नेपाल कम्युनिनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)ले सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई बसोबासको आधारमा जग्गा उपलब्ध गराउनलगायतको माग राख्दै मोरङको पथरी-शनिश्चरे नगरपालिकालाई ज्ञापनपत्र बुझाएको छ ।

विहीबार नगरप्रमुख दिलिपकुमार राईलाई बुझाएको पत्रमा सुकुम्बासीलाई जग्गाधनी पुर्जा दिन माग गरिएको छ । पुर्जा दिन समय लाग्ने भए तत्काल बसोबासको प्रमाणपत्र दिन भनिएको छ ।

मोहन वैद्य नेतृत्वको सो पार्टीले लकडाउन प्रभावित मजदुरलाई निरन्त/ राहत *बाँकी ४ पेजमा*

# सामदायिक विद्यालय निजी विद्यालयलाई जिम्मा दिने सरकारी नीतिको कडा विरोध गर्दै दश विद्यार्थी संगठनले दिए यस्तो चेतावनी



काठमाडौं । सरकारले ल्याएको नीति तथा कार्यक्रम र बजेटमा सामुदायिक विद्यालयको जिम्मा निजी विद्यालयलाई दिने नीतिको दश विद्यार्थी संगठनहरूले कडा विरोध गरेका छन् । सत्ताइतरका विभिन्न दस विद्यार्थी सङ्गठनले सरकारले हालै गरेको निजी विद्यालयलाई सामुदायिक विद्यालयको *बाँकी ५ पेजमा*

# नि:शुल्क शिक्षा र स्वास्थ्य सेवा नेपाली जनताको लागि आकाशको फल बन्दै

*समग्र शिक्षा राज्यको नियन्त्रणमा वा राष्ट्रियकरण गर्नुपर्ने अवाज उठिरहेका बेला राज्यले त्यो आवाज नसुनी यो व्यवस्था गर्नुले राज्य अझै पनि राज्य नागरिकलाई दिनुपर्ने सुविधाबाट पछि हटेको हो ? भन्ने प्रश्न उठ्न पुगेको छ । संविधानको मौलिक हकको कार्यान्वयन गर्ने सन्दर्भमा भनिएझैँ शिक्षाको व्यापार रोक्ने, शिक्षाको दायित्व सरकारले लिने भनिएको छ । राज्यको निर्देशक सिद्धान्तमा राज्यले शिक्षामा व्यापार होइन सेवामूलक हुँदै क्रमशः गैरनाफामुखी बनाउँदै जानुपर्छ भनेको छ । तर नवउदार पुँजीवादको क्रुर अनुहार नेपाली जनताले वर्तमान कम्युनिस्ट सरकारको पालामा देख्ने भएका छन्*



● हुकुमबहादुर सिंह ●

*नवउदारवादी मार्ग*

नेपालको कम्युनिस्ट सरकारका अर्थमन्त्री, जसले आफूलाई नेपालमा नवउदारवादी अर्थतन्त्रका चेलाको रूपमा स्थापित गर्न चाहन्छन्, नेपाली जनताको लागि निःशुल्क शिक्षा र स्वास्थ्य सेवालाई उनीहरूको पहुँचभन्दा माथि आकाशको फल बनाएर ।

अमेरिकी पूर्वराष्ट्रपति रोनाल्ड रेगनले उनको पालामा एक दिन भनेका थिए-'सरकार नै समस्याको मूल जरो हो ।' त्यसको अर्थ थियो - निर्णय प्रक्रिया धेरैभन्दा धेरै ब्यापारीको हातमा हुनुपर्छ । निजी नाफाको लागि काम गर्नेहरूलाई सबै कुराको निर्र्णय गर्ने अधिकार सुम्पिनुपर्छ । सार्वजनिक हितमा चासो राख्नेहरूको प्रभावबाट निर्णय प्रक्रिया मुक्त राखिनुपर्छ । रेगनले त्यस्तो घोषणा गरेयताका वर्षमा अनियन्त्रित पुँजीवादी व्यवस्थामा नवउदारवादी निर्ममताको मात्रा थपिदै गयो । फलतः विश्वमा आज गरीव तथा मेहनतकश जनताको पहुँचभन्दा बाहिरको टेढोमेढो बजारको रचना हुन गयो ।

अमेरिकामा रोनाल्ड रेगन र बेलायतमा मार्गरेट थ्याचरको पालादेखि नै पुँजीवादको नवउदारवादी संस्करण शक्तिशाली बन्दै आएको हो । यद्यपि उनीहरूभन्दा केही अघिबाटै नवउदारवादको सुरुवात भएको थियो । उनीहरूको यो नवउदारवादी विचारबाट नेपाल पनि अछुतो रहेन । यसको सर्वप्रथम प्रयोग डा. रामशरण महत जव नेपाली *बाँकी ७ पेजमा*

## सम्पादकीय

# रुकुम नरसंहारका हत्यारालाई अविलम्ब कारबाही गर !

नेपाली समाजमा मध्ययुगीन बर्बरता बिर्स्याउने घटनाहरूको पछिल्लो प्रतिनिधिमूलक घटना हो- रुकुम चौरजहारीको नरसंहार । जातीय विभेद तथा छुवाछुत कानुनतः बर्जित भएपनि समाजमा कति धेरै जकडिएको अवस्थामा छ भन्ने यथार्थको एउटा कहालिलाग्दो उदाहारण हो यो नरसंहार । आजको विज्ञान प्रविधिको युग, सूचना सञ्चारको अत्याधुनिक युगमा नेपाली समाजमा सामन्तवादी र पश्चगामी सोंच र चिन्तनले ग्रस्त मानिसहरूको बोलवाला छ भन्ने यो घटनाले स्पष्ट रूपमा देखाएको छ । संविधान र कानुनमा जातीय छुवाछुतलाई गैरकानुनी मानिए पनि जातीय छुवाछुतका घटनामा सरकारले कडा रुख नअपनाउँदा रुकुम चौरजहारी हत्याकाण्डहरू घटित हुन पुगेका हो । यो घटना दलित समुदायका विरुद्ध मात्र नभई मानवताविरुद्धकै अपराधको रूपमा दर्ज हुन पुगेको छ । यो घटनालाई लिएर संयुक्त राष्ट्र संघ समेतले चासो व्यक्त गरेको छ ।

२०७७ जेठ १० गते भेरी नगरपालिका वडा नं ४ रानागाउँ जाजरकोटका नवराज वि.क. र चौरजारी नगरपालिका वडा नं ८ रुकुमकी लक्ष्मी मल्लका बीचको प्रेम सम्बन्धको विषयलाई लिएर रुकुम चौरजहारीका वडा अध्यक्ष समेतको संलग्नतामा योजनाबद्ध उक्त नरसंहार मच्चाइएको सबै अध्ययन अनुसन्धानले पुष्टि गरिसकेको अवस्थामा दोषीहरूलाई बचाउन र घटनालाई तोडमरोड गर्न राजनीतिक दाउपेच पनि चलिरहेको छ । अहिलेसम्म सार्वजनिक भएका स्थलगत प्रतिवेदन तथा घटनाक्रम अनुसार कथित उपल्लो जातका भनिएकाहरूले लखेटी लखेटी धारिलो हतियार प्रयोग गरी कुटेर हत्या गरी शब भेरी नदीमा बगाएका थिए । १८ जनाको संख्यामा गएका नवराज विकको समुहलाई गाउँलेहरूले आक्रमण गर्दा नवराज विकसहित ६ जनाको ज्यान गएको छ । एकजना अझै वेपत्ता अवस्थामा छन् । यति ठूलो नरसंहार मच्चाउने दोषीलाई सत्तारुढ पार्टीकै केही नेताहरूले बचाउ गर्न खोजेको भन्दै त्यसको तीव्र विरोध समेत भइरहेको छ ।

अझ बिडम्बना त के छ भने स्थानीय प्रहरी प्रशासन समेत गाउँलेहरूले ती युवाहरूमाथि सांघातिक आक्रमण गरिरहँदा मुकदर्शक बनेर बसेका समाचारहरू पनि सार्वजनिक भएका छन् । आक्रमणबाट बँचेका युवाहरूका अनुसार प्रहरीकै अगाडि उनीहरू निर्घात कुटिएका थिए ।

आजको वैज्ञानिक युगमा पनि मनुवादी मान्यतामा आधारित जातपात तथा छुवाछुतको प्रभावका कारण नेपालमा यस प्रकारको घटनाको जतिसुकै विरोध एवम् भर्त्सना गरे पनि कमै हुन्छ । यो सामन्तवादी संस्कृति र पश्चगामी चेतनाको निकृष्ट अभिव्यक्ति मात्रै होइन मानवताविरोधी जघन्य अपराध पनि हो । यस्तो अपराधमा संलग्न सबैमाथि कडाभन्दा कडा कारबाही गरिन जरुरी छ ।

शासकहरूमा भएको मनुवादी ब्राम्हाणवादी सामन्ती साँस्कृतिक मानसिकता नै यस्ता घटनाको लागि मुख्य जिम्मेवार रहँदै आएको छ । धार्मिक पाखण्ड, पश्चगामी सामन्ती संस्कृति, परम्परा, सोच र चिन्तन हटाउनका लागि एकातिर समाजिक जागरण, अर्कोतिर कडा दण्ड सजायको व्यवस्था गर्न जरुरी छ भने जात व्यवस्थामा आधारित वर्तमान राज्यव्यवस्थाको अन्त्य गरी समतामूलक मानव समाज निर्माण नगरसम्म यस्ता घटनाहरू बारम्बार घटिरहन्छन् । आमूल रूपमा आर्थिक-सामाजिक-राजनीतिक-साँस्कृतिक रूपान्तरणको प्रक्रियाबाट मात्र यस्ता मध्ययुगीन सोच, चिन्तन र प्रवृत्तिलाई माटियामेट पार्न सकिन्छ । त्यसका लागि नयाँ जनवादी क्रान्ति अर्थात् वैज्ञानिक समाजवादी क्रान्ति अपरिहार्य हुन जान्छ ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निषपक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# आर्थिक वर्ष २०७७/०७८को बजेटबारे



● इन्द्रमोहन सिग्देल 'बसन्त' ●

*यतिबेला नेपाली शाषकहरूले सबै दोष जति कोरोनामाथि थोपरेर आफु चोखिने कोशिस गरिरहेका छन् । कोरोना नआएको भए देशको अर्थतन्त्र यति प्रतिशतले बृद्धि हुने थियो भनेर गुड्डी हाँक्ने गर्दछन् । देशको करीव एक करोड जनसंख्या रोजगारीका लागि भारतका गल्ली, अरवका खाडी र मलेसिया लगायत संसारभरी भौंतारिन बाध्य बनाएको कोरोना भाइरसकै कारणले हो त ?*

नियमित प्रक्रियाअनुसार यही जेठ १५, २०२० का दिन नेपाल सरकारका अर्थमन्त्री डा.युवराज खतिवडाले प्रतिनिधि सभा र राष्ट्रिय सभाको संयुक्त अधिवेशनमा आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गरेका छन् । नियमित प्रक्रियाबाट आएको भए पनि यो बजेट देशको असामान्य परिस्थितिमा तयार भएको छ । कोरोना जन्य महामारी कोभिड-१९का कारण पैदा भएको आन्तरिक वेरोजगारी, वैदेशिक रोजगारीमा गएका लाखौं युवाहरू फर्किएर देशमा वेरोजगारहरूको बाढ आउने स्थिति, विप्रेषणमा आउने ह्रास र महामारीसंग जुध्न आवश्यक खर्च जुटाउने चुनौति समेतको पृष्ठभुमिमा प्रस्तुत यो बजेटतर्फ धेरै मानिसले ध्यान दिएर हेरेका छन् । यो स्वाभाविक हो । चुनौतिहरूको चांग लागेको बेलामा प्रस्तुत गरिएको यो बजेटले देशको अर्थतन्त्रलाई ठीक ठाउँमा ल्याएर ती चुनौतिहरूको सामना गर्न सक्ला ? यो लेख यसैको सरोफेरोमा केन्द्रित रहने छ ।

आर्थिक वर्ष २०७७/०७८मा नेपाल सरकारले जम्मा १४ खर्व ७४ अर्व र ६४ करोड खर्च गर्ने अर्थमन्त्रीको अनुमान छ । उनले यो खर्चलाई तीन मुख्य शीर्षकहरूमा छुट्याइएका छन् । ती शीर्षकहरू हुन् : एक, चालु खर्च दुई, पुँजीगत खर्च र तीन वित्तीय व्यवस्थापन । अर्थशास्त्रको भाषामा चालु खर्च भनेको राज्यव्यवस्था सञ्चानल गर्नका लागि आवश्यक पर्ने सबै खर्चहरूको योग हो । यस शीर्षक अन्तर्गत अर्थमन्त्रीले कुल बजेटको ६४.३५ प्रतिशत अर्थात् जम्मा ९ खर्व ५२ अर्व ९१ करोड छुट्याएका छन् । पुँजीगत खर्च भन्नाले सामान्यतः देशको विकास-निर्माणका लागि आवश्यक पर्ने खर्च भन्ने बुझिन्छ । त्यसमा उनले ३ खर्व ५२ अर्व ९१ करोड छुट्याएका छन् । यो कुल बजेटको २३.९३ प्रतिशत हो । वित्तीय व्यवस्थापन भनेको पुरानो ऋणको साँवा-व्याज तिर्न गरिने खर्च हो । यसमा उनले जम्मा १ खर्व ७२ अर्व ७९ करोड छुट्याएका छन् । यो कुल बजेटको ११.७२ प्रतिशत हुन आउँछ ।

उक्त बजेटमा उनले आम्दानीको स्रोत र प्राप्त हुने रकमको पनि अनुमान गरेका छन् । आन्तरिक राजस्वबाट ८ खर्व ८९ अर्व ६२ करोड उठाउने उनको लक्ष छ । यो कुल बजेटको ६०.३३ प्रतिशत हो । विदेशी अनुदानबाट ६० अर्व ५२ करोड जम्मा गर्ने उनले हिसाव गरेका छन् । यो कुल बजेटको ४.१० प्रतिशत हुन आउँछ । वैदेशिक ऋणबाट २ खर्व ९९ अर्व ५० करोड जम्मा गर्ने उनको लक्ष छ, जुन कुल बजेटको २०.३१ प्रतिशत हो । बाँकी २ खर्व, २५ अर्व उनले आन्तरिक ऋणबाट पुर्तिगर्ने भनेका छन् । त्यो कुल बजेटको १५.२६ प्रतिशत हुन आउँछ ।

माथिको विवरणमा आम्दानी र खर्चका मूल शीर्षकहरू र ती शीर्षक अन्तर्गत विनियोजन गरिएका रकमको उल्लेख गरिएको छ । त्यस माथि उनले बजेटमा आम्दानी र खर्चका विभिन्न उपशीर्षकहरू र रकमको पनि आँकलन गरेका छन् । उनको १२३ पृष्ठ लामो बजेट भाषणको पुरा विश्लेषण यहाँ सम्भव छैन । यो लेखमा बजेटले कुन दिशा पक्डेको छ र यसले देशको विद्यमान समस्या समाधान गर्न किन सक्दैन भन्ने विषयमा संक्षिप्त टिप्पणी गरिने छ ।

सबैभन्दा पहिलो कुरो यो बजेटले हाम्रो देशको आर्थिक दुरावस्थालाई छर्लंग पारेको छ । हाम्रो अर्थतन्त्र यति धेरै कमजोर बनेको छ कि राजस्वबाट उठ्ने कुल राष्ट्रिय आम्दानीले देशको राज्य सञ्चालन गर्न समेत पुग्दैन । यो असफल राज्य बन्ने तर्फको सङ्केत हो । यस आर्थिक वर्षको बजेटले राज्य सञ्चालनका लागि ९ खर्व ५२ अर्व ९१ करोड खर्च हुने तर राजस्व अर्थात् राष्ट्रिय श्रोतबाट केबल ८ खर्व ८९ अर्व ६२ करोड मात्र आम्दानी हुने आँकलन गरेको छ । यो बजेट अनुसार राज्य सञ्चालन गर्नका लागि मात्र पनि यो आर्थिक वर्षमा हाम्रो देशलाई ६३ अरव २९ करोड रुपिया अपुग हुने देखिन्छ । यो अपुग रकम, सम्पूर्ण पुँजीगत खर्च र पुरानो ऋण तिर्ने रकम जुटाउन अर्थमन्त्रीले ६० अर्व ५२ करोड वैदेशिक अनुदान सहित आन्तरिक तथा वाह्य गरी जम्मा ५ खर्व २४ अर्व ५० करोड ऋण लिने प्रस्ताव गरेका छन् । अर्थमन्त्रीले हालै पेशगरेको आर्र्थिक सर्वेक्षणमा नेपालको ऋण ११ खर्व ३९ अर्व ८० करोड भएको घोषणा गरेका थिए । अव यस आर्थिक वर्षको बजेट पछि नेपालको ऋण १६ खर्व ६४ अर्व ३० करोड पुग्ने भएको छ । यसले देशको डरलाग्दो आर्र्थिक स्थितिलाई व्यक्त गर्दछ ।

अब विचार गरौं विकास-निर्माण गर्न, राज्य सञ्चालन गर्न र पुरानो ऋण तिर्नका लागि समेत साम्राज्यवादी देशहरूबाट आर्थिक ऋण लिएर बजेट जुटाउनु पर्छ भने त्यस्तो देश कसरी स्वाधीन, आत्मनिर्भर र समृद्ध बन्न सक्छ र त्यसले समाजवादको आधार तयार पार्न सक्छ ? विदेशीको अनुदानबाट राज्य सञ्चालनको खर्च जुटाउने नेपाली शाषकहरू आफ्ना प्रभु साम्राज्यवादीहरू प्रति वफादार नबनेर जनताप्रति उत्तरदायी बन्लान् ? ऋण तिर्नकै लागि ऋण लिने यो चकृय प्रक्रिया कहाँ पुगेर अन्त्य हुने हो ? यो विकराल स्थितिमा वर्तमान सरकारले दिएको 'समृद्ध नेपाल र सुखी नेपालीको नारा' साम्राज्यवादको शरणमा परेर जनतामा भ्रम छर्ने र सत्तामा बसेर राष्ट्रिय सम्पत्तिको दोहन गर्ने हतियार भन्दा अरु के हुन सक्छ ? यो बजेटमा थुप्रै बुट्टा भर्ने कोशिस गरिएको छ । तर जति सुकै बखान गरे पनि यो बजेटले देशलाई थप कंगाल बनाउने र साम्राज्यवाद प्रतिको परनिर्भरतालाई अरु बढाउने हो । यसबाट अरु केही आशा गर्न सकिन्न ।

यतिबेला नेपाली शाषकहरूले सबै दोष जति कोरोनामाथि थोपरेर आफु चोखिने कोशिस गरिरहेका छन् । कोरोना नआएको भए देशको अर्थतन्त्र यति प्रतिशतले बृद्धि हुने थियो भनेर गुड्डी हाँक्ने गर्दछन् । देशको करीव एक करोड जनसंख्या रोजगारीका लागि भारतका गल्ली, अरवका खाडी र मलेसिया लगायत संसारभरी भौंतारिन बाध्य बनाएको कोरोना भाइरसकै कारणले हो त ? सबैलाई राम्ररी थाह छ, त्यो होइन । कोरोना त अहिले मात्र आएको हो । यतिबेला कोरोनाले विश्वभरी स्वास्थ्य सङ्कट निम्त्याएको छ र नेपाली समाजका अन्तर्विरोधहरूलाई सतहमा ल्याइदिने उत्प्रेरकको काम गरेको छ । तर, अर्थमन्त्रीले जसरी अहिलेको यो बजेटलाई समस्याको समाधान गर्ने एउटा अचुक हतियारका रूपमा व्याख्या गरेका छन्, त्यो सही होइन । यो बजेटले समस्याको समाधान नगर्ने मात्र होइन, आउने दिनमा नेपाली समाज थप सङ्कटमा फस्ने र अन्तर्विरोधहरू अरु चर्किंदै जाने कुरा निश्चित छ ।




यो भोली देखिने कुरा हो ।

अर्थमन्त्रीले कृषि क्षेत्रका लागि केही बजेट थपेर नेपालमा रोजगारीको बृद्धि गर्ने सपना बाँडेका छन् । विगतको तुलनामा कृषिका लागि बजेट केही बढि छुट्याइएको पनि छ । तर, नेपालको कृषि क्षेत्र फस्टाउन नसक्नुका पछाडिको प्रधान कारण लगानी कम भएर होइन । कृषिमा संलग्न हुने किसानका हातमा पर्याप्त जमीन तथा साधन स्रोत नहुने र जमीन तथा साधन स्रोत भएका मानिसहरू खेतिपातीमा सङ्लग्न नहुने स्थितिनै नेपालको कृषि क्षेत्रमा रहेको मूल समस्या हो । यो अन्तर्विरोधको समाधान नगरी कनिका छरे जस्तो गरी कृषिमा गरिने लगानीले उत्पादन र रोजगारी दुवै बढाउन सक्दैन । कृषिको आधुनिकीकरण र व्यावशायिकीकरण रोजगारी बढाउने विधि हो । त्यसका लागि कृषि क्रान्ति अनिवार्य छ । कृषि क्रान्तिले मात्र सच्चा किसानको हातमा पैसा, जमीन र साधन स्रोतको केन्द्रिकरण गर्ने र कृषिलाई विशिष्टिकरण तथा व्यावशायिकीकरण गर्ने काममा मार्ग प्रसस्त गर्दछ । यसले उत्पादनमा बृद्धि गर्नुका साथै रोजगारीका अवसर पनि बढाउँछ । नीतिमा परिवर्तन नगरी बजेटमा केही रकम थप्ने कुराले केही टाठाबाठाहरू त मालामाल होलान् तर साँच्चै खेतिपाती गरेर जीवन निर्वाह गर्ने किसानले कुनै फाइदा उठाउन सक्दैन ।

अर्को कुरा उपयुक्त मूल्य र पर्याप्त वजारको सम्भावना नदेखेसम्म कोही पनि व्यक्ति वा समुह व्यावशायीक उत्पादनमा सहभागी हुन चाहँदैन । नेपालको विशिष्ट सन्दर्भमा भारतसंगको

*बाँकी ६ पेजमा*

# नेपालको राष्ट्रिय स्वाधीनता पैसामा साट्ने कसरत



● पुष्प गोपाल श्रेष्ठ ●

विश्वब्यापी कोभिड १९ (कोरोना भाइरस)को संक्रमणले आतंकित र संकटग्रष्ट पारिरहेको वर्तमान स्थितिमा, आफ्नै देश भारतमै रहेर पनि बिरानो अंग्रेज (बेलायती) हरूको दासदासी बनी जीवन-यापन गर्न बाध्यात्मक स्थितिबाट गुज्रेर आएका भारतीय विस्तारवादी मोदी सरकारले, स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भूअखण्ड राष्ट्र नेपालको भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी अतिक्रमण गरी आफ्नो राजनैतिक नक्सामा समाहित गरी प्रकाशनमा ल्याउनुको विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) लगायत देशभक्त पार्टी तथा तमाम् देशभक्त स्वाभिमानी नेपालीहरूको विरोधका वावजुद, अहिले फेरी ती मिचाहा भारतीय विस्तारवादी मोदी सरकारले तिब्बत स्थित कैलाश मानसरोवर यात्राका लागि उत्तराखण्डस्थित धार्चुला क्षेत्रको पिथोरागढबाट नेपालको दार्चुलाको गुन्जी क्षेत्रबाट लिपुलेक हुँदै तिब्बतको मानसरोवर जाने लिंकरोड निर्माण गरी भारतीय रक्षामन्त्रि राजनाथ सिंहले भिडियो कन्फ्रेन्समार्फत उद्घाटन गरी हाम्रो आफ्नो भूमि अतिक्रमण गर्नुको विरोधमा शान्तिपूर्ण आन्दोलनमा उत्रेका स्वाभिमानी नेपालीहरूमाथि ठाडो दमन र धरपकद गरी वर्तमान ओली सरकार, अतिक्रमणकारी भारतप्रति भक्तिभावमा उत्रेर देश र जनतामाथि आघात पुऱ्याई अक्षम्य राजनैतिक अपराध गर्न पुगेका छन् ।

यतिखेर त्यो अतिक्रमणकारी भारतीय विस्तारवादीलाई, हाम्रो नेपाली भूमि कालापानी क्षेत्रमा खुल्लैयाम नांगोपाराले अतिक्रमण गर्न हौसिनुमा, हाम्रो उत्तर तर्फका छिमेकी चीनको पनि हात रहेको छ भन्ने प्रष्ट देख्नमा आएको छ । गत २०७२ साल जेष्ठ १ मा चीन र भारतका प्रधानमन्त्रिद्वय चीनिया प्रधानमन्त्री ली खस्याङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच, नेपाललाई कुनै सुचनासम्म नदिई नेपाली भूमि लिपुलेकलाई दुई देशबीचको व्यापारिक तथा तिर्थ-यात्रीहरू आवत जावत गर्ने केन्द्र बनाउने सहमति गरेका थिए ।

सन् १९५४ मा चीन र भारतबीच बेइजिङमा भएको 'फाइभ प्रिन्सिपल अफ पिसफुलको एक्सिटेन्स'मा पनि नेपाललाई कुनै जानकारी बिना लिपुलेकलाई उनीहरू दुई देशबीचको सीमाबिन्दुको रूपमा उल्लेख गरिएको छ । चीनले त्यतिखेर भरखरै स्वशासित क्षेत्र बनाएको तिब्बत सिमानामा पर्ने क्षेत्र बारे निर्णय गर्दा पनि उनीहरूले बेवास्ता गरेको देखिन्छ । सन् १९५५ मा नेपाल र चीनबीच दौत्य सम्बन्ध भएको हो । दौत्य सम्बन्ध अघिकै त्यो सहमति भएकोले, नेपालले त्यस्लाई मान्नै पर्ने बाध्यता छैन । यद्यपी सन् १९६२ मा चीन र भारतको युद्धपछि त्यो सम्झौता कायम नरहेको परराष्ट्र मामलाका जानकारहरू बताउँछन् ।

देशमा आइपरेको र लाइन ल्याइपुऱ्याएको दोहोरो राष्ट्रिय महासंकटलाई, लेण्डूप दोर्जे अवतार केपी शर्मा ओली नेतृत्वको सरकारले, राष्ट्र र राष्ट्रियताप्रति पुरै गैर जिम्मेवार हरकत अपनाई आइपरी रहेको राष्ट्रिय संकटलाई अनदेखा गर्दै, ओली सरकारले हाल प्रस्तुत नीति र कार्यक्रममा एमसीसी परियोजना भित्रको कार्यविधिलाई घुसाई चोरबाटो सुरक्षित गरी संघीय संसदबाट पास गराई राष्ट्रिय सार्वभौमिक्तालाई पैसामा सात्ने जोरजुलुमको षदयन्त्रमा कमर कसेर लागि परिरहेका छन् ।

ओली सरकार यति हदसम्म गिर्ला भनी उनकै नजिका हिमायतिहरूले पनि सोचेका थिएनन् होला । देशको अविभावकत्व ओगतिरहेका कार्यकारी प्रमुख केपी ओलीले, अतिक्रमणकारी विस्तारवादी भारतले बिलकूल नांगोपाराले आफ्नो देश नेपालको सार्वभौमसत्ता भू-अखण्ड राष्ट्रिय स्वाधिनताको साँध सीमाभित्रको लिम्पियाधुरा, कालापानी र लिपुलेक हडप्नुको सँगै, त्यसै क्षेत्रमा बर्षौं लगाएर तिब्बत स्थित कैलाश मानसरोवर लिंकरोड निर्माण गरी भारतीय रक्षामन्त्रीले भारतीय सेना प्रमुख र सम्बन्धित व्यक्तित्वहरूलाई आफ्नो दायाँ-बाँया उभ्याई उद्घाटन समेत गर्न भ्याइसकेको वर्तमान स्थिति आफुलाई जानकार नरहेको भनी निर्लज्ज ढंगले प्रस्तुत हुनुबाट नेपाल र स्वाभिमानी नेपालीहरूको विश्व सामू धज्जि उडाउने गैर जिम्मेवारी हरकटमा उत्रिनपुगेका छन् ।

गत मंसिरमा प्रधानमन्त्री ओलीले नेपालको साँधसीमाको रक्षा तथा नेपाली भू-भागको संरक्षणका लागि आवश्यक कामकार्वाही भइरहेको छ भनी *बाँकी ७ पेजमा*

# इन्डोप्यासिफिक सैन्य रणनीतिको अंग एमसीसी प्रोजेक्ट



● हस्तबहादुर केसी ●

वर्तमान केपी शर्मा ओली नेतृत्वको दलाल सरकारले इन्डोप्यासिफिक सैन्य रणनीतिको एक अंगको रूपमा रहेको अमेरिकी प्रोजेक्ट मिलेनियम च्यालेञ्ज कम्पाक्ट (एमसीसी) लाई संसदको चालु अधिवेशनबाट छिटै पारित गराउन न्वारानदेखिको बल लगाइरहेको छ ।

एकातिर विश्वव्यापी रूपमा महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) विश्व मानव समुदायका साथै आम नेपाली जनता त्राही त्राही भइरहेका छ , आम नेपाली जनता कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको जोखिमले सन्त्रस्त बनिरहेका छ । नेपाल मात्र होइन , आज विश्व मानव समुदाय नै कडा बन्दाबन्दी (लकडाउन) अवस्थामा जीवन गुजारिरहेका छन र जीवन मरणको लडाइँ लडिरहेका छन ।

नेपालमा यतिबेला कोरोना भाइरस( कोभिड-१९)को संक्रमण तीव्रगतिले फैलिएको छ मानव जीवन जोखिममा मात्र छैन । नेपाली जनताहरू कोरोना भाइरस(कोभिड-१९)को संक्रमणको त्रासले निसास्सीरहेका छन ।

सरकारले लकडाउनको अवस्थालाई कडाइका साथ अगाडि बढाइरहेको छ र यो नै संक्रमणबाट जनतालाई जोगाउने पहिलो सर्त हो । कडा लकडाउनका कारण नेपाली जनता घरबाट बाहिर निस्कन सक्ने अवस्था छैन । राजनीतिक पार्टीहरू , अन्य संघ संगठनहरूले भेला , संगठन गर्ने , विरोध जुलुस गर्ने अवस्था पनि छैन भने अर्कोतिर यही लकडाउनको मौका छोपेर , जनताहरू निरिह भइरहेको अवस्थाको मौका छोपेर , राजनीतिक दलहरू कडा बन्दाबन्दीको रहेको मौका छोपेर , अन्य संघ संगठन , नागरिक समाज आम जनसमुदाय कडा बन्दाबन्दीको अवस्थामा निसास्सी रहेको मौका छोपेर नेपाली जनतालाई छल्दै , ढाँट्दै , संसदको चोर ढोकाबाट छिरेर , आफ्नै पार्ट्टी र यस राष्ट्र घाती अमेरिकी प्रोजेक्ट मिलेनियम कम्प्याक्टका विरुद्धमा रहेका नेता , कार्यकर्ताहरूलाई समेत मिचमाच पार्दै अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारबादको १ नम्बरको दलालको संसारभर चिनिएको ओली सरकारले राष्ट्रघाती मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (एमसीसी प्रोजेक्ट) संसदबाट पारित गराउन कस्सिएको छ ।

क्रान्तिकारी माओवादीसहितको दश दलीय मोर्चा, युवा, विद्यार्थी, महिला, मजदुर, किसानहरूको विरोध, आम देशभक्त तथा प्रगतिशील जनताको विरोध र दवावका कारण भारतीय विस्तारवादको दलाल ओली सरकारले भारतीय विस्तारवादद्वारा अतिक्रमित भूमि काला पानी , लिपुलेक र लिम्पियाधुरा सहितको राजनीतिक नक्सा प्रकाशित गर्न बाध्य भयो । यो नेपाली जनताको विजय हो ।

***नयाँ नक्साको आवरणमा राष्ट्रघाती एमसीसी पारित गर्ने***

एकातिर आज ओली नेतृत्वको दलाल सरकार यही नक्सा प्रकाशन गरेको जस आँफूले मात्र लिने उद्देश्येले चर्को स्वरले नारा उराल्ने र नक्कली राष्ट्रवादको प्रदर्शन गर्ने र अर्कोतिर नयाँ नक्साको आवरणमा राष्ट्रघाती अमेरिकी प्रोजेक्ट मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (एमसीसी) पारित गराउन लागिपरेको छ । यस प्रकारको अवस्थामा सबैतिरबाट घोर विरोध र भ्रत्सना गर्ने र सम्पूर्ण क्रान्तिकारी देशभक्त तथा जनवादी शक्तिहरू, क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूले विरोधको झण्डालाई अझै माथि माथि उठाउन आवश्यक छ ।

***अमेरिकाद्वारा नेपाललाई सैन्य अखडा बनाउने योजना***

अमेरिकी एमसीसी प्रोजेक्ट इन्डोप्यासिफिक सैन्य रणनीति अन्तर्गत एशिया प्रशान्त क्षेत्रमा अमेरिकी सैन्य शक्ति तैनाथ गर्ने योजना अन्तर्गत नेपालमा अमेरिकी सेना तैनाथ गर्ने योजनाका आधारमा तत्कालीन नेपाली कांग्रेसको सरकारले यो योजनामा हस्ताक्षर गरेको थियो । उक्त राष्ट्रघाती अमेरिकी एमसीसी प्रोजेक्ट सम्बन्धि सम्झौतामा हस्ताक्षर गर्न तत्कालीन नेपाली कांग्रेस सरकारका अर्थ मन्त्री ज्ञानेन्द्र बहादुर कार्र्की संयुक्त राज्य अमेरिकाको राजधानी वासिङ्टन डिसी गएका थिए ।

अमेरिकाले चीनलाई साइजमा ल्याउने र नेपाललाई केन्द्र विन्दु बनाएर दलाई लामालाई तिब्बत तिर प्रवेश गर्ने वातावरण तयार पार्ने र चीन र नेपालको सम्बन्ध विगारिदिने ग्राण्डडिजाइनका साथ नेपालमा लागु गर्नका लागि नेपालका आफ्ना दलालहरूलाई तयार पारेर मात्र यो सम्झौता सम्पन्न गर्न लगाएको हो ।

यो योजनालाई कार्यान्वयन गर्नका लागि एमसीसी प्रोजेक्ट योजना अनुसार नेपालको चितवन, पाल्पा र मुस्ताङमा अमेरिकाले आफ्नै सैन्य क्याम्प राख्ने भएको छ । तिब्बतलाई सैनिक घेराबन्दी गर्ने योजना अमेरिकी नीति रहेको छ । त्यसैले गर्दा यो प्रोजेक्ट अन्तर्राष्ट्रिय मान्यता विपरीत समेत रहेको छ ।

***एमसीसी मार्फत नेपाललाई अमेरिकाले नवउपनिवेश स्थापना गर्दै***

अमेरिकी साम्राज्यवादले पहिलेदेखि नै नवऔपनिवेशिक अवस्थामा राख्दै आएको छ नै । दलालहरूद्वारा सरकार पनि चलाउदै आएकै हो । तर त्यतिले अमेरिकाले भने जस्तो नेपालका दलालहरूले सरकार सञ्चालन गर्न नसकेको अवस्थाले गर्दा आफ्नै सैन्य शक्ति तैनाथ गरेर आफ्नो नवउपनिवेशिक शासन लाद्न चाहन्छ । किनभने एमसीसी प्रोजेक्टको मान्यता अनुसार

*(१) एमसीसीको विधान धारा ७ को दफा ७ (क)*

प्रस्तुत सम्झौता लागु भए पछि प्रस्तुत सम्झौतामा उल्लेखित र नेपालको राष्ट्रिय कानुन बाझिएमा नेपालको कानुन लागु नभएर अमेरिकी कानुन लागु हुनेछ भनिएको छ । यसबाट के कुरा स्पष्ट हुन्छ भने यसले नेपालको राष्ट्रियतामाथि सोझै धावा बोल्ने छ र नेपालको कानुन लागु नभएर अमेरिकी कानुन लागु हुनेछ ।

*(२) धारा ५ को (क) र (ख)*

अमेरिकी सरकारले चाहेमा जुनसुकै बेला पनि यो सम्झौता रध्द गर्न सक्नेछ ।

यसबाट के स्पष्ट हुन्छ भने यो सम्झौता नेपालको इच्छा अनुसार नभएर पुरै अमेरिकी इच्छा बमोजिम हुने भएकोले नेपाल अधिकार विहिन हुनेछ ।

*अनुसूची १(ग) को २*

यस परियोजनामा नेपाल सरकारले राज्यका कुनै पनि निकायलाई खटाउनु पर्दा एमसीसीको स्वीकृत लिनुपर्ने छ ।

*धारा ३ को दफा ३२(च)*

सम्पूर्ण बौद्धिक सम्पत्ति अमेरिकाको पूर्ण अधिकार हुनेछ ।

*धारा ३ को दफा ३ (८) (क)*

परियोजनाको लेखापरीक्षण अमेरिकाको कम्पनीले मात्रै गर्न सक्नेछ ।

*अनुसूची ४ (क)*

नेपाल सरकारले एमसीसीलाई चित्त बुझ्ने योजना तयार पारी पठाउनु पर्नेछ र त्यस्तो योजना इन्डियाको सरकारले समर्थन गरेको हुनुपर्नेछ ।

माथि उल्लेखित अमेरिकी प्राव्धान अनुसार नेपाल पुरै नवउपनिवेशी जन्जिरले बाँधिने छ सम्पूर्ण रूपमा अमेरिकीहरूको गुलाम बन्नेछ । यस कारणले एमसीसी परियोजना पूर्णरूपमा राष्ट्रघाति छ र यसको पूर्णरूपमा खारेजीको विकल्प छैन ।

यहाँनेर ध्यान दिन योग्य कुरा के छ भने तत्कालीन अवस्थामा अंग्रेज व्यापार गर्ने उद्देश्यले भारत प्रवेश गरेको थियो र पछि सरकार नै चलाउने गरी गभर्नरको नियुक्ति गरेर पठाएको थियो र करिब ३ शताब्दी सम्म भारतमा अंग्रेज (बेलायत) शासन गरेको थियो ।

अमेरिकाले भारतमा सोझै शासन गर्ने गरी नआए जस्तै पनि अहिले अमेरिका शासन गर्ने गरी नआएर एमसीसी परियोजना मार्फत नेपालमा प्रवेश गर्ने र पछि पुरै आजका आफ्ना दलालहरूलाई कब्जामा ल्याएर उपनिवेश कायम गर्ने योजनाका साथ प्रवेश गर्दैछ ।

यसरी नेपाली जनताले नेपाललाई अमेरिकालाई बुझाउने हाम्रो देशका दलाल सरकार र प्रतिक्रियावादी सत्ता धारीहरूलाई दिनु कदापि हुदैन ।

वर्तमान ओली नेतृत्वको दलाल सरकार जसरी पनि यो घोर राष्ट्रघाति एमसीसी परियोजनालाई छिटै संसदबनट पारित गराउन आतुर छ । सत्ता धारी पार्टीभित्र विवाद छ र एउटा तप्काका परिमार्जन गरेर पारित गराउने पक्षमा रहेको छ । यो तरिका पनि गलत छ । वास्तविकता के हो भने यसको पूर्णरूपमा खारेज गरिनु पर्छ ।

राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र स्वाभिमान ज्यान भन्दा पनि प्यारो भएकोले नेपाली जनताले जीवन मरणको संघर्ष गरेर भए पनि संघर्षको ज्वारभाटा उठाउन र यस राष्ट्रघाति अमेरिकी एमसीसी परियोजना खारेज गराई छाड्नुको विकल्प छैन । र , नेपाललाई अमेरिकी सैन्य क्रिडा स्थल बनाउने दलालहरूको योजना र सपनालाई चक्नाचूर पारिदिनुको विकल्प छैन ।

*(लेखकः अन्तर्राष्ट्रिय लेखक र पत्रकार केन्द्रका अध्यक्ष हुन ।)*




# आखिर किन गलत छ एमसीसी ?



● प्रतीक सिग्देल ●

अहिले नेपालमा मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (एमसीसी) नामको अमेरिकी प्रोजेक्टको विषयलाई लिएर नेपालका विभिन्न राजनीतिक दलहरू र स्वतन्त्र नागरिकहरूका बीचमा समेत तीव्र ध्रुवीकरण देखिएको छ । कुनै राजनीतिक दल उक्त सम्झौतालाई जुनसुकै हालतमा भएपनि नेपालमा लागु गर्नु पर्छ भन्दै कम्मर कसेर लागेको छ भने कुनै राजनैतिक दल एमसीसी राष्टघाती हो भन्दै त्यसको विरोधमा खुलेरै उत्रिएको छ । त्यतिमात्र होइन सत्ताधारी दल नै यसमा विभाजित भएको छ । वर्तमान केपी ओली सरकार उक्त प्रोजेक्टलाई संसदको चालु अधिवेशनबाट छिटो पारित गराउन मरिहत्ते गरिरहेको छ । पार्टीभित्रको बहुमत यसको विपक्षमा छ । विपक्षी दल नेपाली काँग्रेसका सभापति देउवा यसलाई जुनसुकै हालतमा भएपनि पारित गराउनुपर्छ भन्दै चिच्याइरहेका छन् । यस्तै यही विषयमा स्वतन्त्र नागरिकहरूका स्वतस्फूर्त विचारहरू पनि विभिन्न सामाजिक सञ्जालहरूमा व्यक्त भइरहेका छन् । यो स्थितिमा आखिर के हो त एमसीसी ? के यो सम्झौता नेपाल र नेपालीहरूको हितमा छ ? यस्ता कैयौं प्रश्नहरूको जवाफ खोज्नु आवश्यक छ । त्यो भन्दा पहिला एमसीसी भनेको के हो र यसले नेपालको सामाजिक, आर्थिक र राजनीति लगायत राष्ट्रिय सुरक्षाका विषयमा पार्ने दूरगामी प्रभावहरूको बारे यो लेखमा छोटो विवेचना गरिने छ ।

***के हो एमसीसी ?***

एमसीसी अमेरिकी सरकारले सन् २००४ मा स्थापना गरेको एक वैदेशिक सहयोग निकाय हो । एमसीसी मार्फत् गरिब तथा विकाशशील राष्ट्रहरूमा दिगो विकास र गरिबी निवारणका नाममा अमेरिकाले गर्ने आर्थिक सहयोगको प्रोजेक्ट हो । आन्तरिक द्वन्द्वले ग्रस्त भएको इराक, गरिबीको चपेटामा परेका अफ्रिकी मुलुकहरू लगायत संसारका अन्य विपन्न राष्ट्रहरू अमेरिकी एमसीसी प्रोजेक्टका हालसम्मका हिस्सेदारहरू हुन् ।



वि.सं. २०७४ भदौ २९मा नेपाल सरकारका अर्थमन्त्री र अमेरिकी संस्था एमसीसीका प्रमुखका बीच सम्झौता भएको थियो जस अन्तर्गत नेपाललाई अमेरिकी सरकारले नेपालको विद्युतीय प्रसारण लाईन र रणनीतिक मोटरमार्ग निर्माणका लागि ५० करोड अमेरिकी डलरको आर्थिक सहायता दिने भनिएको छ । उक्त सम्झौतामा ४०० किलो भोल्ट क्षमताको लप्सीफेदी-रातमाटे-हेटौंडा र लप्सीफेदी-रातमाटे-दमौली-बुटवल हुँदै गोरखपुर जोड्ने विद्युत प्रसारण लाईन बनाइने उल्लेख छ । त्यस्तै उक्त सम्झौता अनुसार नेपालका विभिन्न नाकाहरू जोड्ने करिब ३०० किलोमिटर मोटरबाटो बनाउने कुरा पनि उल्लेख छ ।

शाब्दिक अर्थमा हेर्दा यो सम्झौता नेपालको आर्थिक उन्नति तथा दीर्घकालीन विकाससँग जोडिएको होकि त भन्ने देखिन्छ । नेपालमा बिद्युत प्रसारणलाइन बन्ने, धेरै भएको विद्युत भारतलाई बेच्न पाइने, मोटर बाटो बन्ने कुरालाई कतिपयले सीधा विकाससँग जोडेर हेरेका छन् । कतिपयले यसलाई समाजबाद तर्फ उन्मुख नेपाली राजनीतिक व्यवस्थालाई मलजल गर्ने गतिलो हतियारको रूपमा पनि अर्थ्याएका छन् । यो गलत हो । त्यो तर्क शक्ति राष्ट्रको चाकडी गर्ने र सत्ता जोगाइराख्ने चालवाजी भन्दा अरु केही होइन । साथै उक्त सम्झौता कार्यन्वयनको प्रक्रियामा गर्ने भनिएका व्यवस्थाहरू पनि नेपाल र नेपालीको हितमा छैनन् । यदि यो सम्झौता संसदबाट पारित भएर कार्यन्वयनको अवस्थामा गयो भने नेपालले ठुलो मूल्य चुकाउनु पर्ने कुरा स्पष्ट छ ।

***आखिर किन गलत छ एमसीसी ?***

सरसर्ती हेर्दा सम्झौतामा दिगो आर्थिक विकास, गरिबी निवारणजस्ता लोभलाग्दा शब्दहरूको प्रयोग गरिएता पनि सारमा अमेरिकाले नेपालको कमजोर शासन व्यवस्था र राजनीतिक अस्थीरताको फाइदा उठाउँदै नेपालबाट चीनको गतिविधी निगरानी गर्न खोजेको देखिन्छ । यदि सम्झौता पारित भयो भने हामी नेपालीलाई हाम्रै भूमिमा अत्याधुनिक हातहतियार सहित अमेरिकी सैनिकहरूले पहरा दिनेछन् ।

एमसीसी अमेरिकाको हिन्द-प्रशान्त सुरक्षा रणनीति (आइपिएस) को एउटा हिस्सा भएको कुरा अमेरिकी स्टेट डिपार्टमेन्ट दक्षिण एशियाका लागि निमित्त उप-सहायकमन्त्री डेभिड रेञ्जले बताइसकेका छन् । त्यस्तै, अर्का अमेरिकी *बाँकी ५ पेजमा*

# अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी) लगायत चार किसान संगठनहरूको संयुक्त बक्तब्य

## *रुकुमको दलित हत्या काण्ड, नेपालको नक्सा संसदको बिषय सूचिबाट हटाइएको बिषय र एमसीसी तथा परमाणु बिधेयक सम्वन्धमा*



अखिल नेपाल किसान महासंघ (अप्पो), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), अखिल नेपाल किसान यूनियन र अखिल नेपाल प्रगतिशील किसान संघगरी नेपालका चार किसान संगठनहरू रुकुमको दलित हत्या काण्ड, नेपालको नक्सा संसदको बिषय सूचिबाट हटाइएको बिषय र एमसीसी तथा परमाणु बिधेयक सम्वन्धमा संयुक्त बक्तब्य प्रकाशित गरेका छन्, जसको पूर्णपाठ तल दिइएकोछ :

**चार किसान संगठनहरूको संयुक्त बक्तब्य**

१. एक्काइसौ शताब्दीको गणतन्त्रलालाई गिज्याउने र त्यसको समानताको मर्ममाथि निर्मम प्रहार गर्ने जुन हत्या काण्ड रुकुममा कथित तल्लो जाति र माथिल्लो जातिको केटा र केटीको प्रेम बिबाहको कुरालाई लिएर भयो त्यो जघन्य, अमानबीय र निर्मम हत्या काण्डको जतिसुकै भर्त्सना गरे पनि कमै हुन्छ । हामी चार किासन संगठनहरू- अखिल नेपाल किसान महासंघ(अप्पो), अखिल नेपाल किसान महासंघ(क्रान्तिकारी), अखिल नेपाल किसान यूनियन र अखिल नोपल प्रगतिशील किसान संघ त्यस क्रुरतम अमानबीय हत्या काण्डको घोर निन्दा र भर्त्सना गर्दछौं र त्यसको उच्च स्तरीय छानबिन गरी अपराधीलाई हदैसम्मको कडा कारबाही गरियोस् तथा पीडित पक्षलाई यथेष्ठ क्षतिपूर्ति प्रदान गरियोस् र आउदा दिनमा यस्ता घटना दोहोरिन नदिइयो भन्ने जोडदार माग गर्दछौं ।

नेपालको संबिधानमा जे कुरा लेखिएको भए पनि त्यसको मर्म र भावना अनुसार पालन नभएको, नेपाली समाजमा जातिय बिभेद, बिषमता र बहिष्करण जटीलरूपमा कायम रहेको जातिपाती, उचनिच,छुवाछुत, यो लोक, परलोक, पूर्बजन्म पुनर्जन्म जस्ता परम्परागत यथास्थितिबादी सामन्ती नबसामन्ती प्रथाहरूको बिगबिगी कायमै रहेको र यसका बिरुद्ध नेपालका सबै सचेत पंक्तिका जन समुदायले निरन्तर संघर्ष चलाउनु पर्ने आवश्यकता देख्दछौ र त्यसका लागि पुनः जोडदार आह्वान समेत गर्दै बर्गीय शोषण र सामाजिक उत्पीडनको अन्त्य गर्न नेपालबाट सामन्तबाद, साम्राज्यबादका राजनीतिक, आर्थिक, सामाजिक संचरना र सँस्कृतिको अन्त्य गर्ने महा अभियानमा शोषित उत्पीडित जन समुदाय सचेत, संगठित र सघर्षशील भएर एकताबद्धरूपमा अघि बढनु पर्ने आबश्यकता औंल्याउँदछौं ।

२. नेपालको सार्बभौमिकता र भौगोलिक अखण्डताको अभिन्न अंग दार्चुला जिल्लाको लिम्पियाधुरा, कालापानी र लिपुलेकमाथिको बर्षौदेखिको भारतीय शासक बर्गको हस्तक्षेपबाट यसलाई मुक्त गराउन र नेपालको स्वाधीनता र सार्बभौमिकतालाई सुदृढ तुल्याउँन बर्षौंदेखि हामी लगायत नेपाली समाजका बिभिन्न तह र तप्काले आवाज उठाउदै र संघर्ष गर्दै आएको सन्दर्भमा नेपालको जुन पुनर्मुद्रित नक्शा संसदबाट अनुमोदन गराई निशाना छापमा प्रचलनमा ल्याउन संसदमा प्रस्ताब दर्ता गरिएको थियो त्यसलाई बिनाकारण छलफलको बिषयबाट एकाएक हटाएकोप्रति गम्भीर ध्यानाकर्षण भएको र ठूलो सन्देह समेत पैदा भएको छ । यो नक्शा तुरुन्त अनुमोद गरी प्रचलनमा ल्याइयोस् र भारतीय अतिक्रमणबाट कालापानी, सुस्ता लगायत सबै अतिक्रमित भूमिबाट भारतीय हस्तक्षेपको अन्त्य गर्न सबै उपायह?को अबलम्बन गरियोस् भन्ने पुनः जोडदार माग गर्दछौं ।

३. बहु बिबादित र खतरनाक प्रकृतिको एमसीसी सम्भौतालाई घुमाउरो पारोले नीति र कार्यक्रममा राखेर संसदबाट पारित गराउन खोजेकोप्रति हाम्रो घोर आपत्ति रहेको कुरा पुनः दोहोर्याउन चाहन्छौ र नेपाललाई अमेरिकी साम्राज्यबादको अखडा बनाउने र बैदेशिक हस्तक्षेप र चलखेलको ढोका खोल्ने कुराको तीब्र बिरोध जनाउदै सरकार तथा सांसदहरूलाई नेपालले अबलम्बन गरेको पञ्चशील र असंलग्न परराष्ट्र नीति बिपरीतको एमसीसी संसदमा प्रबेश हुन नदिन र खारेज गराउन पुनः जोडदार माग गर्दछौं ।


४. हामी परमाणु बिधेयक पारित गरेर यूरेनिय उत्खनन र प्रशोधन कार्य कथित आणबिक ऊर्जा एजेन्सी (आइएइए)को नाममा बिदेशीलाई सुम्पिने गम्भीर र खतरनाक कार्य योजनाप्रति कडा बिरोध जनाउँदछौ । नेपाली किसान लगायन सम्पूर्ण जनताको जनस्वास्थ्यमा असर पार्ने, बातावरण सन्तुलन गुमाउने र गम्भीररूपमा प्रदुषण बढाउने यस्ता खालमा परियोजनाहरू नेपालका आजका आबश्यकता होइनन् र हुँनु हुदैन भन्ने कुरा जोडदाररूपमा अघि सार्दै यस्ता परमाणु आयोजनाह? राष्ट्र र जनताको हितमा प्रतिकूल असर नहुने गरी नेपाली जनता र राष्ट्रको हितमा उपयोग गर्न सक्ने नेपालले क्षमता हासिल गर्न सक्ने स्थिति सिर्जना गरेर मात्र आबश्यक परेर सावधानीपूर्ण प्रयुक्त गरिनपर्ने कुरा प्रष्ट औंल्याउन चाहन्छौं ।

५. हामी कोरोना भाइरसको फैलदो प्रकोपप्रति सरकारले युद्ध स्तरमा टेस्ट र ट्रेस कार्यलाई तीब्रतम गतिमा बढाओस्, क्वारेण्टाईनला सुब्यवस्थित गरोस् कोरोना फैलिने क्रमलाई कडाईका साथ रोक्न आबश्यक स्वास्थ्य सामाग्रीहरूको अभाव हुन नदेओस् भन्ने कुरामा पनि पुन जोड दिन चाहन्छौं ।

६ किसानलाई सुरक्षित किसिमले बालीनाली लगाउन र भित्र्याउन दिने प्रबन्ध गर्न र उनीहरूको स्वास्थ्य रक्षा गर्न तथा आम श्रमजीबी जनतालाई भोक र भाइरसका बिरुद्ध लड्न जीवनको रक्षा गर्न यथेष्ठ राहत प्रदान गर्न समेत सरकारसँग पुनः माग गर्दछौं ।

*भैंरबराज रेग्मी,*
*अध्यक्ष-*
*अनेकिमहासंघ(अप्पो)*
*सीताराम तामांग,*
*अध्यक्ष-*
*अनेकिमहांसंघ(क्रान्तिकारी)*
*लोकनारायण सुबेदी,*
*अध्यक्ष-*
*अखिल नेपाल किसान यूनियन*
*कृष्ण राना*
*इञ्चार्ज*
*अनेप्रगतिशील किसान संघ*
*२०७७ जेष्ठ १५*

# जाजरकोट जिल्लामा गरिएको नरसंहारवारे देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सी.पी. गजुरेलको प्रेस वक्तव्य



जिम्मेवार सबैलाई कडा भन्दा कडा कारवाही गर्न सरकारसँग जोडदार माग । मृतकहरू प्रति श्रद्धाञ्जली र परिवारजनप्रति हार्दिक समवेदना प्रकट

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सी.पी. गजुरेलले आज एक वक्तव्य प्रकाशित गरी जाजरकोट जिल्ला, भेरी नगरपालिका ४ रानागाउँ निवासी नवराज वि.क. र पश्चिम रुकुम जिल्ला चौरजहारी नगरपालिका १ सोतीकी लक्ष्मी मल्लका बीचको प्रेम सम्वन्धलाई विवाहमा परिणत गर्न मल्लको घर पुगेका १८ जनामाथि उनका परिवार, गाउँले र वडा अध्यक्ष सहितबाट भएको सांघातिक आक्रमणमा नीज नवराज वि.क., टिकाराम सुनार, गणेश बुढामगरको ज्यान गएको र अरु तीन जना भेरी नदीमा डुबेर बेपत्ता भएको समाचारप्रति घोर निन्दा र भर्त्सना गर्दै एक प्रेस वक्तव्य प्रकाशित गर्नु भएकोछ । प्रेस वक्तव्यको पूर्ण पाठ तल दिइएको छः

***प्रेस वक्तव्य***

यही २०७७ जेठ १० गते जाजरकोट जिल्ला, भेरी नगरपालिका ४ रानागाउँ निवासी नवराज वि.क. र पश्चिम रुकुम जिल्ला चौरजहारी नगरपालिका १ सोतीकी लक्ष्मी मल्लका बीचको प्रेम सम्वन्धलाई विवाहमा परिणत गर्न मल्लको घर पुगेका १८ जना माथि उनका परिवार, गाउँले र वडा अध्यक्ष सहितबाट भएको सांघातिक आक्रमणमा नीज नवराज वि.क., टिकाराम सुनार, गणेश बुढामगरको ज्यान गएको र अरु तीन जना भेरी नदीमा डुबेर बेपत्ता भएको समाचारले हामीलाई स्तब्ध बनाएको छ । जात नमिलेको कारणबाट घटाइएका जघन्य अपराधमा यस प्रकारका घटनाको हामी घोर निन्दा र भर्त्सना गर्दछौं । सामाजिक, मानवीय, न्यायीक, संवैधानिक कुनै पनि कोणबाट विचार गर्दा यो निन्दनीय र आपराधिक घटना भएको पुष्टि हुन्छ । यसका लागि जिम्मेवार सबैलाई कडा भन्दा कडा कारवाही गर्न हामी सरकारसँग जोडदार माग गर्दछौं । मृतकहरू प्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

***सी.पी. गजुरेल, अध्यक्ष***
***देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल, जेठ १५ काठमाडौं***

# नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समिति, रुकुम सल्यानको प्रेस वक्तब्य

जातीय विभेदको एउटा उत्कर्षका रूपमा जाजरकोट र पश्चिम रुकुमको चौरजहारीमा भएको घटनाले सिंगो देश चिन्तीत बनेकोछ । यो घटनामा केटापक्षका ३ जनाको घटनास्थलमै हत्या गरिएको छ र अन्य तीन जना वेपत्ता पारिएका छन् । दलित समुदायको केटा र ठकुरी समुदायको केटीको बीचमा भएको प्रेमसम्वन्धवारेमा केटी पक्षका बाबु आमाले विरोध गरेका थिए तर त्यसदिन केटाले आफ्ना १८ जना साथीलिएर केटीलाई लिन गएको त्यसैमा दुई पक्षबीच झडप भएर यस्तो दर्दनाक घटना भएको वारेमा नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समिति, रुकुम सल्यानको प्रेस वक्तब्य प्रकाशित गरेको छ, जसको पूर्ण पाठ तल दिइएकोछ :

**प्रेस वक्तब्य**

प्रेम संबन्धको विषयलाई लिएर रुकुम जिल्लाको चौरजारीमा ३ युवकको विभत्स हत्या गरिएको छ । विगत एक डेढ वर्ष देखि नै भेरी नगरपालिका वडा नं. ४ रानागाउँका नवराज वि.क. र चौरजारी नगरपालिका वडा नं. ८ सोती बस्ने बिर बहादुर मल्लकी छोरी सुक्ष्मा मल्लका विचमा प्रेम सम्बन्ध चलिरहेको कुरा खुलेको छ । जातिय भेदभावका कारणले विहे हुन नसक्ने अवस्था सृजना भएपछि स्थानीय प्रहरी चौकीमा गई विहे नगर्ने दुईपक्षिय सहमति भएको कुरा स्थानीयमा सर्वविद्दित छ । तत्पश्चाच मिति २०७७ जेठ १० गतेका दिन जाजरकोट जिल्लाबाट चौरजाहारी केटी पक्षको गाउँमा केटी लिने भनेर गएका करीव १९ जना युवाहरू केटी पक्षको घरमा पुगेपछि केटीको आमाले कराएपछि गाउँलेहरू आएर अचानक झडप हुन पुगेको हो । उक्त झडपमा केटी पक्षेले प्रेम गर्ने केटा भेगी नगरपालिका- वडान ४ रानागाउँ बस्ने मुहान वि.क.को छोरा नवराज वि.क., चौरजारी नगरपालिका वडा नं. १ निवासी सुरेन्द्र विश्वकर्माको छोरा टिकाराम विश्वकर्मा र भेरी नगरपालिका - ४ का गणेश बुढामगरको मृत्यू भएको छ । बाँकी केटासँग केटी ल्याउन गएकाहरूमध्ये के भागेर जाजरकोट पुगेको छन् भने संगै गएका भेरी नगरपालिका वडा नं. ४ का सन्जु वि.क. तथा भेरी नगरपालिका वडा नं. ११ का लोकेन्द्र सुनार र गोविन्द शाही बेपत्ता अवस्थामा रहेको छन ।

इतिहाँसका विभिन्न कालखण्डहरूमा नेपालमा चलिआएको जातीय विभेदका विरुद्दमा ठुलाठुला लडाई र सहासपुर्ण बलिदानीबाट नेपालको कानूनमा जातीय भेदभाव अक्षरस पटक पटक हटाईए पनि ब्यवहारमा भने जस्ताको तस्तै रहेको पाईन्छ । विश्व रुढीवाद, अन्धविश्वास र जातीय विभेदबाट मुक्त भएर समानताको संजालमा जेलिदै विकासको उचाई चुम्न मच्चीरहेको यस परिप्रेक्षमा हाम्रा नेपालका कुना कन्दरामा भने यस्ता खालका छुवाछुत र जातीय विभेदका घटित घटनाहरू प्रयाप्त मात्रामा घटेको पाईन्छ । कतै पानी छोएको विषय हुन्छ, कतै घर भित्र पसेको त कतै देवता छोएको आदिईत्यादी विषयहरूबाट दलित माथि गैर दलित र जातीवादीहरूको दवदवा फैलिएकै देखिन्छ । यस्तै प्रबृत्तिको एक ज्वलन्त उदाहरण बनेको छ यो घटना । एकातिर नेपाल सरकारले अन्तरजातीय विवाहलाई उत्प्रेरित गर्न भन्दै संबन्धित निकायबाट पुरस्कृत गरिरहेको छ भने अकोर्तिर यस्ता असमान सहमतिहरू गराएर दलित समुदाय प्रति बोका र कसाईको सम्बन्ध कायम गरेको कुरा यो घटनाले पुष्टी गरिदिएको छ। उक्त घटना प्रति घोर भत्सर्ना गर्दै दोषीलाई हदैसम्मको कारवाही होस र वेपत्ताहरूको खोजी गरियोस भन्ने जोडदार माग गर्दछौं ।

***क. परिवर्तन, सेक्रेटरी***
***नेकपा (क्रान्तिकारी माओवादी) जिल्ला समिति, रुकुम सल्यान***

## सुकुम्बासीलाई...

वितरण, भारतलगायतबाट आएका व्यक्तिहरूको कोरोना भाइरसको स्वाब परीक्षणको साथै नगरमा आइसोलेसन निर्माण गर्न मागसमेत गरेका छ ।

नगरपालिकाले कोरोना भाइरसजस्तो विश्वव्यापी महामारीमा पनि राष्ट्रिय पार्टीको नाममा सबैलाई नसमेटेर एकता कायम गर्न नसकेको ज्ञापनपत्रमा उल्लेख गरेको छ ।

पार्टीको नगर ईन्चार्ज सुरेन्द्र चापागाई, सेक्रेटरी रत्न पराजुलीको नेतृत्वमा पुगेको टोलीले विकास निर्माणको गुणस्तरमा समेत आशंका भएकाले अनुगमनलाई व्यवस्थित गर्न सुझाव दिएको छ ।

नेपालको नयाँ नक्सा जारी गर्ने काम सकारात्मक भएको उल्लेख गर्दै सुस्ता, महेशपुरलगायत अतिक्रमित भूमिको स्वामित्व फिर्ता लिन प्रभावकारी पहल चाल्न संघीय सरकारलाई वैद्य माओवादीको सुझाव छ ।

मिलेनियम च्यालेन्च कर्पोरेसन (एमसीसी) नेपालको हितमा नहुने भएकाले राष्ट्रघाती सो कदम खारेज गर्न माग गर्दै आएको सो पार्टीका केन्द्रीय सदस्य सीताराम बुढाथोकीले बताए । ज्ञापनपत्र बुझाउन करिब १५ जनाको टोली नगरपालिका पुगेका थिए ।

## अमेरिकी...

मिनेसोटा राज्यमा स्थिति निकै भयावह बनेको छ । मिनियापोलिस र सेन्ट पल सहरमा बेलुका ८ देखि बिहान ६ बजेसम्म कर्फ्यु लगाइएको छ । तर प्रदर्शनकारीले कर्फ्यु तोडेको जनाइएको छ । कैयौं स्थानमा टायर बालिएका छन ।

प्रदर्शन स्थलहरूमा प्रहरी उपस्थिति निकै कम देखिएको छ । मिनियापोलिसमा लुटपाट भएका घटना टेलिभिजनहरूमा देखाइएको छ । मिनियापोलिसस्थित एक प्रहरी कार्यालयमा आगो लगाइएको छ । अमेरिकी रक्षा मन्त्रालयले सेनालाई मिनियापोलिसमा सम्भावित गस्तीका लागि तयारी अवस्थामा राखेको जनाएको छ ।

एटलान्टाका अधिकांश क्षेत्रमा सम्भावित मृत्यु र सम्पत्ति जोगाउनका लागि भन्दै संकटकाल घोषणा गरिएको छ । एटलान्टाका मेयर केइसा लान्सले प्रदर्शनकारीले न्याय माग गरेको भन्दा पनि हिंसामा उत्रेको बताएका छन ।

न्युयोर्कको रुकलिनमा प्रदर्शनकारी र प्रहरीबीच झडप हुंदा कैयौं प्रहरी घाइते भएका छन । प्रदर्शनकारीले कारहरू जलाइदिएका र घरका सिसा पनि फोडेको जनाइएको छ। प्रहरीले दर्जनौं प्रदर्शनकारीलाई पक्राउ गरेको छ । मेयर बिल डे ब्लासिओले अमेरिकीहरूले यस्तो घटना पुनः देख्न नचाहेको बताएका छन ।

ओरिगन राज्यको पोर्टल्यान्डमा लुटपाट मच्चिएपछि संकटकाल घोषणा गरिएको छ । प्रदर्शनकारीले प्रहरी कार्यालयमा आक्रमण गर्नुका साथै गाडीहरू जलाइदिएका छन । डेट्रोइटमा एउटा गाडी प्रदर्शनकारीमाथि चलाइएपछि एक जनाको मृत्यु भएको छ। प्रहरीले १९ वर्षीय युवाको मृत्युबारे छानबिन भइरहेको जनाएको छ ।

टेक्सास राज्यको डालसमा प्रहरीले प्रदर्शनकारीमाथि अश्रुग्यास प्रहार गरेको छ । फोनिक्स, इन्डियानापोलिस, डेनभर, लस एन्जलस, ओकयान्डलगायत सहरमा गरिएका प्रदर्शन पनि हिंसात्मक भएका बीबीसीले उल्लेख गरेको छ ।

सयौं मानिसले न्यायको माग गर्दै राष्ट्रपति कार्यालय ह्वाइटहाउस बाहिर विरोध जनाएका छन् । फ्लोयडको तस्बिर बोकेका प्रदर्शनकारीले 'मलाई सास फेर्न गाह्रो भयो' भन्ने नारा लगाएका थिए । राष्ट्रपति डोनाल्ड ट्रम्पले उक्त घटनालाई 'भयानक, भयानक' भन्दै आफूले फ्लोयडका परिवारसँग कुराकानी गरेको बताएका छन् ।

ट्रम्पले यसअघि रक्षामन्त्री, राष्ट्रिय सुरक्षा सल्लाहकार तथा अन्य उच्च पदाधिकारीसँग कुराकानी गरेका थिए । त्यसक्रममा उनले मिनियापोलिसमा जारी प्रदर्शन नियन्त्रण बाहिर गएको भन्दै सेना परिचालनको विकल्पबारे विचार गर्न भनेका थिए । मिनेसोटाका गभर्नर टिम वाल्जले ५ सय नेसनल गार्डलाई मिनियापोलिस, सेन्ट पल र वरपरका समुदायहरूको सुरक्षाका लागि खटाइएको जनाएका छन ।

घटना के हो ?

प्रहरीको ज्यादतीका कारण मृत्यु भएको घटनाबारे सार्वजनिक भिडियोमा हतकडी लगाइएका फ्लोयडको घाँटीमा प्रहरीले घुँडा टेकेको देखिन्छ । फ्लोयडको प्रहरी चोटपटकका कारण उपचारकै क्रममा मृत्यु भएको थियो । उक्त भिडियो नजिकै रहेका एक बटुवाले खिचेर सार्वजनिक गरिदिएका थिए ।

विवाद कसरी सुरु भयो भन्नेबारे भिडियोमा देखिएको छैन । तर प्रहरी अधिकारी डेरेक चौविनले घाँटीमा घुँडाले टेकेपछि फ्लोयडले 'मैले सास फेर्न सकिरहेको छैन, मलाई नमार' भनेको सुन्न सकिन्छ । फ्लोयडको पोस्टमार्टम रिपोर्टमा उनमा मुटुको समस्या रहेको र प्रहरी अधिकारीको थिचाइले 'उनको मृत्यु हुन सहयोग पुगेको' उल्लेख छ ।

चौविनले फ्लोयडको घाँटीमा ८ मिनेट ४६ सेकेन्डसम्म थिचेको रिपोर्टमा जनाइएको छ । रिपोर्टअनुसार फ्लोयडले प्रतिक्रिया नजनाएको ३ मिनेटपछिसम्म पनि चौविनले घाँटी थिचिरहेका थिए । हेनेपिन मेडिकल सेन्टर लगिएका फ्लोयडलाई मृत घोषित गरिएको थियो । फ्लोयड ठगी आरोपमा पक्राउ परेका थिए ।


चौविनलाई गिरफ्तार गरी हत्या अभियोग लगाइएको छ । उनीसहित ४ जना प्रहरीलाई उक्त घटनाका कारण यसअघि नै सेवाबाट बर्खास्त गरिएको थियो । चौविनलाई सोमबार पहिलोपटक मिनियापोलिसस्थित एक अदालतमा उपस्थित गराइने जनाइएको छ । चौविनलाई तेस्रो तहको हत्याको अभियोग लगाइएको छ तर फ्लोयडको परिवारले प्रथम तहको अभियोगको माग गरेको छ ।

नियन्त्रणमा लिइएका व्यक्तिको श्वासप्रश्वास नलीमा दबाब नदिईकन घाँटी कसरी थिच्ने भन्ने तालिम प्रहरी अधिकारीलाई दिइने मिनेसोटा प्रहरीको ह्यान्डबुकमा उल्लेख छ । यसलाई घातक नहुने बल प्रयोग भन्ने गरिएको छ ।

# इच्छुक स्मृति दिवसमा विशेष कविता गोष्ठी सम्पन्न

काठमाडौं । १८औं इच्छुक स्मृति तथा सांस्कृतिक वलिदान दिवशका अवसरमा इच्छुक सांस्कृतिक प्रतिष्ठानले अनलाइन सेवा जुम मार्फत् विशेष कविता गोष्ठी सम्पन्न गरेको छ । महान् सहिद कृष्ण सेन 'इच्छुक'को तात्कालिन महेन्द्र पुलिस क्लव काठमाडौंमा हत्या भएको जेठ १३ गतेलाई अखिल नेपाल जनसांस्कृतिक महासङ्घ र इच्छुक सांस्कृतिक प्रतिष्ठानले 'इच्छुक स्मृति तथा सांस्कृतिक वलिदान दिवस' मनाउँदै आएका छन् ।

यस वर्ष कोरोनाजन्य महामारीले सिंगो विश्व आक्रान्त भएको छ । नेपालमा पनि कोरोनाको उच्च जोखिम रहेको र महामारीको प्रभाव बढ्दै गएका हुनाले देश विगत दुई महिनादेखि लकडाउनमा रहेको छ । यस्तो अवस्थामा कुनै पनि सङ्घ संस्थाहरूले प्रत्यक्ष रूपमा कुनै पनि गतिविधि गर्न सकिरहेका छैनन् । इच्छुक सांस्कृतिक प्रतिष्ठानले जेठ १३को वलिदान दिवशलाई अनलाइन सेवा जुममार्फत् विशेष कविता गोष्ठी गरेर यस वर्ष इच्छुकलाई सम्झिए ।



प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीको संक्षिप्त मन्तव्य पश्चात सुरु भएको कार्यक्रममा २६ जना कविहरूले सहभागिता जनाए । कविहरूले अहिलेको राज्यसत्ताको उत्पीडन, दमन, कोरोनाजन्य महामारीले पारेका प्रभाव, राष्ट्रिय स्वाधीनता, जनयुद्धको मूल्यबोध आदि विषयमा कविता वाचन गरेका थिए । कार्यक्रमको सुरुआतमा प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखीले सहभागि कविहरूलाई स्वागत गर्दै इच्छुकको योगदान, सांस्कृतिक वलिदान दिवशको सन्दर्भ र औचित्यबारे संक्षिप्त मन्तव्य राखेका थिए । त्यसपछि कार्यक्रको सहजीकरण प्रतिष्ठानका सदस्यसचिव मित्रलाल पंज्ञानीले गरेका थिए भने प्राविधिक व्यवस्थापन प्रतिष्ठानका सदस्य प्रा.डा.ताराकान्त पाण्ड्येले गरेका थिए । पाण्ड्येले इच्छुकको कविता कृति बन्दी र चन्द्रागिरीबाट 'यात्रामा हिँड्दाहिँड्दै' शीर्षकको कविता वाचन गरेर कविता वाचनको प्रकृया अगाडि बढाइएको थियो ।

उक्त जुमसेवा मार्फत् कविता वाचन गर्ने कविहरूमा सुनिता बुढाथोकी, विष्णु भण्डारी, छायादत्त न्यौपाने, विमला चन्द, शीला योगी, गौरी दाहाल, जगदीशचन्द्र भण्डारी र मित्रलाल पंज्ञनी (काठमाडौं), राजेन्द्र पौडेल, पोषराज पौडेल, पर्शुराम कोइराला, कल्पना चिलुवाल र कृष्णराज अधिकारी (पोखरा), इन्दिरा अधिकारी, पञ्चकुमारी परियार र केशव सिलवाल (ललितपुर), उमेश आचार्य (हेटौंडा), मोदनाथ मरहट्टा, विष्णु न्यौपाने (चितवन), रोशन जनकपुरी (जनकपुर), अनिल श्रेष्ठ (तनहुँ), बलराम तिमल्सिना (भक्तपुर) र हिरामणि दुःखी (दाङ) थिए ।

मंगलबार दिउँसो दुई बजेबाट सुरु गरिएको कार्यक्रम साढे चार बजे सकिएको थियो । कार्यक्रमको समापनमा प्रतिष्ठानका अध्यक्षले लकडाउनका अवसरमा पनि सबै आआफ्नै घरमा बसेर महान् सहिद कृष्ण सेन इच्छुकलाई स्मरण र सांस्कृतिक वलिदान दिवशको मूल्यवोध गर्दै इच्छुकका अधुरा सपना पूरा गर्न सबैले वर्तमान प्रतिक्रियावादी राज्य व्यवस्थाका विरुद्धमा पुनः आन्दोलनको सृष्टी गर्नुपर्ने औंल्याउँदै सबै सहभागिहरूलाई धन्यावाद दिएका थिए ।

## बर्बरतापूर्ण पासविक घटना बन्द गर र दोषीहरूलाई तुरुन्त कारवाही गर : *जनसाँस्कृतिक महासंघ*

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल जनसाँस्कृतिक महासंघले एक वक्तव्य जारी गरी पश्चिम रुकुमको चौरजहारी हत्याकाण्डलाई बर्बरतापूर्ण पासविक घटनाको संज्ञा दिँदै दोषीहरूलाई तुरुन्त कारबाही गर्न माग गरेको छ । महासंघका महासचिव हिरामणि दुःखीले शुक्रबार जारी गरेको वक्तव्यमा यस्तो माग गरिएको हो ।

वक्तव्यमा घटनाको घोर भर्त्सना गर्दै कथित छुवाछुत मुक्त नगरपालिका भनिएको स्थानमा र सत्तासीन 'कम्युनिष्ट'हरूको करिव एकलौटी बर्चस्व रहेको नगरमा स्वयम् जनप्रतिनिधिकै परिवारभित्र घटेको यसप्रकारको क्रुर एवम् जघन्य अपराधको योजनाकार र भागीदारलाई पहिचान गरी हदैसम्मको कानुनी कारवाही गर्न सरकारसित जोडदार माग गरिएको छ ।

वक्तव्यमा भनिएको छ, 'यही जेठ १० गते पश्चिम रुकुम जिल्लाको चौरजहारी नगरपालिका - ८, सोतीमा भएको मध्ययुगको झल्को दिने बर्बर र कायरतापूर्ण घटनाप्रति हाम्रो संगठन अखिल नेपाल जनसांस्कृतिक महासङ्घको गम्भीर ध्यानाकर्षण भएको छ । कथित जातीयतालाई आधार बनाएर गरिएको आक्रमणबाट जाजरकोट नगरपालिकाका ५ जना (नवराज विक, टीकाराम विक, गणेश बुढा, लोकेन्द्र सुनार र सञ्जु विक) को शव फेला पारिएको र गोविन्द शाही सहित २ जनाको अवस्था अझै अज्ञात रहेको) खबरले हामीहरूलाई नराम्ररी झस्काएको छ, क्रुद्ध बनाएको छ । यो अत्यन्त क्रूर, अमानवीय, असैह्य र घृणित कर्म हो । मध्ययुगीन बर्बरतालाई बिर्साउने खालको यो वीभत्स कृत्यको घोर निन्दा र भर्त्सना गर्दछौं ।

कथित छुवाछुत मुक्त नगरपालिका भनिएको स्थानमा र सत्तासीन 'कम्युनिष्ट'हरूको करिव एकलौटी बर्चस्व रहेको नगरमा स्वयम् जनप्रतिनिधिकै परिवारभित्र घटेको यसप्रकारको क्रुर एवम् जघन्य अपराधको योजनाकार र भागीदारलाई पहिचान गरी हदैसम्मको कानूनी कारवाही गरियोस् भनी सरकारसँग जोडदार माग गर्दछौं । साथै त्यस जिल्लाबाट निर्वाचित सङ्घीय संससदका सदस्यबाट घटनालाई ढाकछोप गर्नेगरी दिइएको वक्तव्य र संसदमा वोलेको अभिव्यक्तिले कतै यो घटनालाई सामसुम पारिने त होइन भन्ने गम्भीर आसङ्का पैदा भएको छ । कम्युनिष्टको नाममा सत्तासीन नोकरशाह तथा दलाल पुँजीपतिहरूको सेवक सरकारले छानविन गरेजस्तो गर्ने र अन्ततः उनै कथित उपल्ला जातिको कर्तुतलाई ढाकछोप गरी मुद्दालाई किनारा नलगाईकनै बेवारिश छाडिदिन सक्ने सम्भावनाप्रति सचेत रहँदै देशव्यापी रूपमा संगठित र सशक्त प्रतिरोधका निमित्त अग्रसर हुन तमाम प्रगतिशील जनसमुदाय र जनसंगठनहरूलाई हार्दिक आह्वान गर्दछौं ।'

## सर्वत्र...

ब्याक अमेरिका, गो ब्याक एमसीसी'को नारा लगाइरहेका छन् ।

***सडकमा देशभक्त क्रान्तिकारीहरू***

केही दिन पहिले नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी)ले एमसीसी खारेजीको माग गर्दै माइतीघर मण्डलामा विरोध प्रदर्शन गऱ्यो भने क्रान्तिकारी माओवादीकै मजदुर संगठन अखिल नेपाल क्रान्तिकारी ट्रेड यूनियन महासंघका नेताहरूले पनि माइतीघर मण्डलामा विरोध प्रदर्शन गरेका थिए । सो क्रममा प्रहरीले विरोध प्रदर्शनमा निर्मम दमन गर्दै महासंघका अध्यक्ष इश्वर तिमिल्सिना र महासचिव बसन्त बोगटीलगायत १६ जना मजदुर नेताहरूलाई गिरफ्तार गरेको थियो । उनीहरूलाई आठ घण्टा हिरासतमा राखेर छाडिएको थियो । विद्यार्थी र मजदुर नेताहरूले पनि माइतीघर मण्डलामा 'गो ब्याक इन्डिया, गो ब्याक अमेरिका' नारा उरालेका थिए । अखिल क्रान्तिकारीले त सामाजिक सञ्जालमा 'गो ब्याक इण्डिया, गो ब्याक अमेरिका' अभियान नै चलाएको छ । त्यसैगरी विभिन्न व्यक्तिहरूले पनि यस्ता अभियान चलाइरहेका छन् ।

लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायत देशको ७१ ठाउँमा भारतले अतिक्रमण गरेको नेपाली भूमि फिर्ता गराइनु पर्ने, कालापानीबाट भारतीय सेना हटाउनु पर्ने, सीमामा तारबार लगाउनु पर्ने, नेपाली सेनालाई ठेक्का पट्टामा होइन सीमा सुरक्षाका लागि सीमामा तैनाथ गरिनुपर्ने, नेपाल-भारतबीचमा भएका सबै असमान सन्धि सम्झौताको खारेजी हुनुपर्ने र नेपाललाई स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र भएको मुलुकको रूपमा विकास गर्नुपर्ने विषय नेकपा (क्रान्तिकारी माओवादी)ले उठाउँदै आएको छ । उसले कुटनीतिक तथा राजनीतिक वार्ताबाट अतिक्रमित भूमि फिर्ता गर्न भारत तयार नभए यो विषयलाई पूर्ण तयारीका साथ अन्तर ाष्ट्रियकरण गरिनुपर्ने मत प्रकट गर्दै आएको छ ।

त्यसैगरी नेपालको राष्ट्रिय स्वाधीनतामा अमेरिकी परियोजना एमसीसी सम्झौताबाट गम्भिर खतरा उत्पन्न भएको भन्दै एमसीसी खारेजीको माग गर्दै विगत लामो समयदेखि सडकमा विरोध प्रदर्शन गर्दै आएको छ । एमसीसी सम्झौता नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको विरुद्धमा छ, यो सम्झौता अमेरिकाको सैन्य गठबन्धनको एक अंग हो, यो इन्डो प्यासिफिक सैन्य रणनीतिको अभिन्न अंग हो, यो नेपालको भूमि प्रयोग गरेर छिमेकी मुलुक चीनलाई घेरा हाल्ने अमेरिकी मिसनमा आधारित छ, यो संसदबाट पास गरिए नेपाल अमेरिकी साम्राज्यवादको सैन्य गठबन्धनको सदस्य हुन पुग्ने, त्यो अवस्थामा नेपालको असंलग्नता तथा पञ्चशिलमा आधारित परराष्ट्र नीति समाप्त हुने र नेपालको सार्वभौमिकतामाथि गम्भिर आँच आउने भन्दै एमसीसी सम्झौता संसदबाट पास नगर्न तथा खारेज गर्न क्रान्तिकारी माओवादीले निरन्तर रूपमा दबाब दिँदै आएको छ ।

त्यसैगरी क्रान्तिकारी माओवादी, नेकपा (मसाल), देशभक्त जनगणतान्त्रिक मोर्चा,नेपाल, राष्ट्रिय जनमोर्चा, नेपाल लगायतका दश वाम राजनीतिक पार्टीहरू पनि निरन्तर रूपमा एमसीसीको खारेजीको लागि आवाज उठाइरहेका छन् । त्यस्तै विभिन्न क्षेत्रका विज्ञ, बुद्धिजीवी तथा नागरिक अगुवाहरूले पनि निरन्तर रूपमा सडकमा उत्रिएर नै राष्ट्रिय स्वाधीनताको पक्षमा आवाज उठाएका छन्, अभियानहरू सञ्चालन गरेका छन् ।

**संसदमा देशभक्त सांसदहरू**

'एमसीसीको पक्षमा मतदान गर्ने सांसदहरूलाई सामाजिक बहिस्कार गरौं' सामाजिक सञ्जालमा कतिपय देशभक्तहरूले अभियान सञ्चालन गर्न थालेका छन् । एमसीसीको विषयलाई लिएर सांसदहरू दुई खेमामा विभाजित भएका छन् । प्रधानमन्त्री ओलीदेखि विपक्षी दलका नेता शेरबहादुर देउवासम्मले अमेरिकी साम्राज्यवादी परियोजना एमसीसीलाई संसदबाट पास गर्न भगिरथ प्रयत्न गरिरहेका छन् । तर डबल नेकपा तथा प्रतिपक्षीदल कांग्रेसभित्रका कतिपय देशभक्त सांसदहरूले डटेर एमसीसीको विरोध गरिरहेका छन् । उनीहरूले संसदबाट एमसीसी जस्ताको तस्तै पास गरिए मुलुक इराक, अफगानिस्तान जस्तै बन्ने चेतावनी दिँदै कुनैपनि हालतमा पास गर्न नहुने मत जाहेर गरिरहेका छन् । झलनाथ खनाल, भिम रावल, देव गुरुङहरूले यसको नेतृत्व गरिरहेका छन् । डबल नेकपाका अध्यक्ष समेत रहेका पुष्पकमल दाहाल प्रचण्डले भने मध्यमार्गी भूमिका खेलिरहेका छन् । कतिपय डबल नेकपाकै सांसदहरूका अनुसार एमसीसी संसदबाट पास गरेवापत पाउने कमिसनको भागबण्डा नमिलेका कारण पनि प्रचण्ड लगायत मध्यमार्गी नेताहरूले एमसीसीको विरोध गरिरहेका छन् । डबल नेकपाका नेता लिलामणि पोखरेलले एक सार्वजनिक कार्यक्रममा एमसीसीको १८ अर्ब रूपैयाँ, ओली देउवा लगायतका नेताहरूले भागबण्डा गरेर खाइसकेको दाबी गरेका थिए । एमसीसीको चर्को विरोध भएपछि डबल नेकपाले नेता खनालको नेतृत्वमा एक अध्ययन कार्यदल नै बनाएर अध्ययन गर्न लगायो । 'एमसीसी अमेरिकी अन्तर ाष्ट्रिय रणनीति र अमेरिकाको हिन्द-प्रशान्त रणनीतिको अंग भएको यस्तोमा सामेल हुन नेपालको संविधान, परराष्ट्र नीति र भू-राजनीतिले अनुमति नदिने ।' खनाल कार्यदलको निष्कर्ष रहेको छ । खनाल अध्ययन कार्यदलको प्रतिवेदनले नेपालको राष्ट्रिय हितअनुकूल हुने र परियोजना नेपालको कानुन मातहत हुने गरी संशोधन गरेर मात्र कार्यान्वयनमा लैजानुपर्ने निष्कर्ष निकालेको छ । तर पार्टीका अध्यक्ष समेत रहेका प्रधानमन्त्री ओलीले षड्यन्त्रपूर्ण तरिकाले नीति तथा कार्यक्रम र बजेटमा विवादास्तपद एमसीसी परियोजनालाई समावेश गरेपछि त्यसको भीम रावल लगायतका नेताहरूले चर्को विरोध गरेका छन् । विरोधकै कारण शनिबार बसेको पार्टीको सचिवालय बैठकले संसदबाट अनुमोदन नभएसम्म एमसीसीका सम्पूर्ण कार्यक्रम रोक्ने र बजेट परिचालन पनि रोक्ने समहमति भएको र पार्टीले गरेको निर्णय अनुसार सदनमा प्रस्तुत हुने निर्णय गरेको छ ।

**चोर दुलोबाट नीति तथा कार्यक्रम र बजेटमा घुसाइयो एमसीसी**

जेठ २, २०७७ मा केपी शर्मा ओली नेतृत्वको सरकारद्वारा प्रतिनिधिसभा संसदमा प्रस्तुत नीति तथा कार्यक्रमको बुँदा नम्बर २११ मा लप्सीफेदी रातमाटे हेटौंडा र लप्सीफेदी रातमाटे दमौली-बुटवल ४ सय केभी प्रसारण लाइनअघि बढाइने छ भनी उल्लेख गरिएको छ । नीति तथा कार्यक्रममा नेपाल र अमेरिकी मिलेनियम च्यालेन्ज कम्प्याक्ज (एमसीसी) सम्झौतामा उल्लेखित व्यहोरा जस्ताको तस्तै समावेश गरिएको गरिएको छ ।

त्यसैगरी सरकारले आर्थिक वर्ष २०७७/०७८ का लागि प्रस्तुत गरिएको १४ खर्ब ७४ अर्ब आकारको बजेटको बैदेशिक सहायता अनुसूचि १०, अनुसूचिको पेज नं. ३१ मा एमसीसीको ५ अर्ब ७३ करोड रूपैयाँ पनि समावेश गरिएको छ ।

एमसीसी सैन्य परियोजना चिनियाँ आर्थिक परियोजना बिआरआईलाई रोक्ने मिसनसहित अमेरिकाले संसदबाट अनुमोदन गराउन दबाब दिइरहेको डबल नेकपाका एक बरिष्ठ नेताले दाबी गरेका छन् । एमसीसी हुबहु संसदबाट पास गरिए नेपालको कानुन र संविधान अमेरिकाको कानुन र संविधानको मातहत हुन पुग्ने र नेपालमा अमेरिकी कानुन लागु हुने स्थिति आउने पनि ती नेताले दाबी गरे ।

'काठमाडौंको लफ्सेफेदीदेखि नुवाकोटको रातामाटे, रातामाटेबाट हेटौंडा र हेटौंडाबाट तनहुँ, पाल्पा हुँदै बुटवल किन प्रशारण लाइन बनाउन खोजिँदैछ ? एमसीसी परियोजनाको रहस्य यहीँभित्र छ', डबल नेकपाका नेता लिलामणि पोखरेलले केही समय पहिले भनेको थिए, 'किनकि, यहाँ चिनियाँ राष्ट्रपति सि चिनफिङको नेपाल भ्रमणका बेला भएको सहमति अनुसार यसैको वरिवरि भएर रेल मार्ग बन्ने विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार हुँदैछ । चीनबाट आउने रेल रोक्नकै लागि यो परियोजन अघि बढाइँदैछ । लफ्सेफेदी-बुटवल प्रशारण लाइनको औचित्य पुष्टि कुनै हालतमा हुन सक्दैन ।'

अमेरिकी स्टेट डिपार्टमेन्टका दक्षिण एसियाका लागि निमित्त रक्षामन्त्री डेभिड जेराञ्जले पनि नेपाल भ्रमणका बेला एमसीसी नेपालको ऊर्जा क्षेत्रको विकासका मात्र नभई क्षेत्रीय सम्पर्क अभिवृद्धिका लागि भएको बताएका थिए ।

काठमाडौंका सोल्टी होटलमा अघोषित एमसिसिको कार्यालय रहेको र त्यहाँबाट मुख थुन्ने काम भएको नेता पोखरेलले ले आरोप लगाएका छन् । 'सोल्टी दरवारबाट एमसीसीको कार्यालय चलिरहेको छ, त्यहाँबाट एमसीसीका बिरुद्ध बोल्नेहरूको मुख थुनिन थालेको छ' पोखरेलले भनेका थिए 'एमसीसी बिरोधीहरूको मुख थुन्नकै लागि करिव १८ अर्ब रकम खर्च गरिएको सुचना छ ।'

पोहोरकै बजेट अधिवेशनबाट एमसीसी सम्झौता अनुमोदन गर्ने तयारी सरकारको थियो । तर प्रधानमन्त्री ओली र तत्कालीन सभामुख कृष्णबहादुर महराको टकरावका कारण एमसीसी अनुमोदन प्रक्रिया त्यतिबेला अघि बढेन । प्रधानमन्त्री ओलीले एक राष्ट्रिय दैनिकलाई दिएको अन्तरवार्तामा महराले असहयोग गरेकाले एमसीसी सम्झौता अनुमोदन नभएको बताएका थिए ।

**डेड अर्ब सकिसक्यो एमसीएले**

**चौतर्फी विरोध**

भइरहेको र संसदबाट पास नहुँदै एमसीसी कार्यान्वनको कार्य अगाडि बढाइएको छ । मिलेनियम च्यालेन्ज एकाउण्टेन्ट (एमसीए) नेपालका कार्यकारी निर्देशक खड्कबहादुर विष्टका अनुसार प्रसारण लाइनको डिजाइन, टेन्डर आह्वान र प्रसारण लाइन निर्माणस्थलमा जग्गा अधिग्रहण, मुआब्जा वितरणलगायतका काम भइरहेका छन् ।

फिल्ड र कार्यालयमा गरेर ६० जना कर्मचारी रहेको एमसीएको मासिक खर्च कन्सल्ट्यान्सको तलबसहित ४ करोड रूपैयाँ जति खर्च हुन्छ । २०७४ सालमा काम थालेको एमसीएले पूर्वाधार निमार्णका लागि डेढ अर्ब रूपैयाँ खर्च गरिसकेको छ । खर्चमध्ये करिब ६० करोड नेपालका तर्फबाट र बाँकी एमसीसीकै रकम भएको छ ।

**निशान छापको नक्कली नक्सा सच्याउन संविधान संशोधन प्रस्ताव**

क्रान्तिकारी माओवादी, दशदलीय मोर्चा, सीमा बचाउ अभियान लगायत चौतर्फी रूपमा भएको दबाबका कारण लिम्पियाधुरासहतिको नक्सा जारी गर्न बाध्य भएको सरकारले जारी नक्सा अनुसार सरकारको निशान छापमा भएको नक्कली नक्सा सच्याउन संसदमा नेपालको संविधान दोस्रो संशोधन विधेयक पेश भएको छ । कानुनमन्त्री डा. शिवमाया तुम्बाहाङ्फेले आइतबारको संसद बैठकमा संविधान संशोधन प्रस्ताव पेश गरिन् ।

लिम्पियाधुरा, कालापानी र लिपुलेकलगायतका भूभाग समेटिएको नेपालको अध्यावधिक नक्सा अनुसूची-३ मा उल्लेख गरिएको निशान छापमा राख्नुपर्ने भएकाले संविधान संशोधन गर्न लागिएको हो ।

मन्त्रिपरिषद् बैठकले ५ जेठमा लिम्पियाधुरा, कालापानी, लिपुलेकलगायतका भूभाग समेटिएको नयाँ नक्सा पारित गरेको थियो । त्यसको दुई दिनपछि भूमि व्यवस्था मन्त्रालयले अध्यावधिक नक्सा औपचारिक रूपमा सार्वजनिक गरेको थियो । संविधान संशोधन विधेयक यही जेठ ९ गते ३ बजे संसद सचिवालयमा दर्ता गरिएको थियो ।

सरकारले संविधान संशोधनलाई सर्वसम्मत पारित गर्न सबै दलहरूलाई आह्वान गरेको छ । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस, राप्रपालगायतका दलले संशोधनको पक्षमा मतदान गर्ने निर्णय गरिसकेका छन् । संसदमा रहेका राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल र समाजवादी पार्टीले यस विषयमा औपचारिक बोलेका छैनन् । अनौपचारिक रूपमा भने दुवै दलले नक्सा सम्बन्धी विषयमा संविधान संशोधन गर्ने विषयमा आफूहरूको विरोध नहुने बताएका छन् ।

**वार्ताबाट सीमा समस्या समाधान गर्न भारत अनिच्छुक, एमसीसी संसदबाट पास गराउन अमेरिकी दबाब**

विस्तारवादी नीतिका कारण छिमेकी राष्ट्रहरूमा बद्नाम भारत ऐतिहासिक तथ्य प्रमाणहरूका अनुसार अतिक्रमित भूमि नेपालकै भएको प्रमाणित हुँदा पनि अतिक्रमित भूमि नेपाललाई फिर्ता गराउन तयार देखिएको छैन र कालापानीबाट आफ्नो सेना हटाएको पनि छैन । बरु उल्टै विभिन्न सर्त राखेर र झुठो भ्रामक प्रचार गराएर अन्तर्राष्ट्रिय समुदायलाई दिग्भ्रमित बनाउन खोजिरहेको छ । नेपालभित्र रहेका उनीहरूका दलाल नेताहरूलाई प्रयोग गरेर विषयलाई तोडमोड गराउन खोजिरहेको छ । अर्कोतिर अमेरिकाले पनि आफ्ना दलाल नेताहरूमार्फत् हरहालतमा संसदबाट एमसीसी पास गर्न दबाब दिइरहेको छ । १६ असारबाट कार्यान्वयनमा लैजानुपर्ने भन्दै हुबहु एमसीसी पास गर्न दबाब दिइरहेको छ । यसरी इण्डिया र अमेरिकाबाट नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र अखण्डतामाथि हस्तक्षेप तथा हमला भइरहँदा गो ब्याक इण्डिया, गो ब्याक अमेरिका, रिजेक्ट एमसीसीको नारा चौतर्फी रूपमा उराल्नु पर्ने र राष्ट्रघाती विदेशी दलालहरूलाई सामाजिक बहिस्कार गर्नुपर्ने आवाज उठिरहेको छ ।

## आर्थिक...

हाम्रो सीमाना खुला रहुञ्जेल नेपाली बजारमा भारतीय मालको वर्चस्व रहिनै रहन्छ । नेपाली उत्पादन तथा नेपाली पुँजीको संरक्षण र विकास गर्नका लागि राज्यले खुला सीमानामा तारबार लगाई त्यसको नियमन गर्नु पर्दछ, सरकारले कृषि उत्पादनको उचित मूल्य निर्धारण गर्नु पर्दछ र बजारमा खपत नभए राज्यले खरिद गरेर भण्डारणको व्यवस्था गर्नु पर्दछ । राज्यले यो समस्या समाधान नगरे सम्म भारतीय उत्पादनले नेपाली बजार कब्जा गरिरहने र नेपाली किसानले आफ्नो उत्पादनलाई डोजर लगाएर फाल्नु पर्ने वा खाल्टा खनेर पुर्नुपर्ने दुःखद स्थितिको पुनरावृत्ति भइरहने छ । नेपालका युवाहरू वैदेशिक रोजगारीका लागि जहाँ जान पनि तयार हुने तर देशभित्र लगानी गर्न नचाहने एउटा महत्वपूर्ण कारण यही हो । समाजवादको आधार तयार पार्ने बजेटका प्रस्तोता राज्यका अर्थमन्त्रीले यो समस्या समाधान गर्ने त कुरै छाडौं बजेटमा यसबारे एक शव्द पनि उच्चारण गरेका छैनन् । यसरी कृषिमा लगानी बढाएर रोजगारी वृद्धिगर्ने अर्थमन्त्रीको कुरा केवल आत्मरति मात्र हो । यो बजेटले कृषि क्षेत्रको समस्या समाधान गरेर रोजगारी सृष्टि गर्न सक्दैन ।

रोजगारीको अवसर प्रदान गर्ने अर्को क्षेत्र उद्योग हो । अर्थमन्त्रीले पेशगरेको बजेटमा साना र मझौला उद्योग बारे केही कुरा कोट्याइएका छन् । तर बजेटमा उद्योगहरूको स्थापना गर्ने र देशलाई औद्योगिकीकरण गर्नेबारे कुनै मूर्त योजना देखिंदैन । बजेटले शीप विकासका लागि तालिम आदिको व्यवस्था गर्न थोरै रकम छुट्याएको छ । तर, त्यस्तो तालिम स्वरोजगारको क्षेत्रमा काम गर्ने व्यक्ति तयार पारी बजारको जिम्मा लगाइदिनका लागि मात्र हो, उद्योगको संस्थागत विकास गरेर देशको आर्थिक समृद्धिको आधार तयार पार्नका लागि होइन । यसले केही व्यक्तिको जीवन धान्ने काममा थोरै सहयोग पुऱ्याए पनि देशको अर्थतन्त्रको विकासमा कुनै भुमिका खेल्न सक्दैन ।

अर्थमन्त्रीले पेस गरेको बजेट धेरै उपशीर्षकहरूमा विभक्त छ र त्यहाँ थुप्रै व्याख्या विश्लेषणहरू रहेका छन् । यो छोटो लेखमा ती सबैको विश्लेषण सभव छैन । नेपालको अर्थतन्त्र यो स्थितिमा पुग्नुका पछाडिको मूल कारण नीतिमा रहेको छ तयो नेपाली शासकहरूले अवलम्बन गरेको नवउदारवादी विचारमा आधारित नीति हो । अहिले हाम्रा अर्थमन्त्रीले पेश गरेको वजेट पनि त्यही नवउदारवादी मान्यता भित्र रहेर तयार पारिएको छ । यसरी एउटा वाक्यमा भन्ने हो भने नवउदारवादको सिरानी हालेर निर्माण गरिएको बजेटले नवउदारवादकै कारण पैदा भएका समस्या समाधान गरेर देशमा समृद्धि ल्याउने कुरा केबल कल्पना मात्र हो । यसले देशलाई अरु वर्वादी तिर धकेल्ने बाहेक थप केही गर्न सक्दैन ।

कोरोना महामारीका कारण हाम्रो देशमात्र होइन पुरा विश्व नै भयावह दिशातिर अगाडि बढदैछ । कोभिड-१९ले विश्वका सबै अन्तर्विरोधहरूलाई विस्फोटक बनाउने काममा एउटा उत्प्रेरकको भुमिका खेलेको छ । पुँजीवादी कित्ता भित्र समेत यतिबेला पुँजीवादी नवउदारवादको विकल्पबारे चर्चा हुन थालेका छन् । स्पष्ट छ पुँजीवादको विकल्प पुँजीवाद नै हुन सक्दैन । पुँजीवादको विकल्प वैज्ञानिक समाजवाद हो । नेपालको विशिष्ट सन्दर्भमा नयाँ जनवादी क्रान्तिको सफलता पछि मात्र वैज्ञानिक समाजवादको दिशामा अगाडि बढ्न सकिन्छ । त्यसकारण कम्युनिस्ट नामधारी सरकारका अर्थमन्त्रीद्वारा प्रस्तुत प्रतिक्रियावादी बजेटले छर्न सक्ने भ्रमलाई चिर्दै र त्यसको भ्रममा परेका इमान्दार क्रान्तिकारीहरूलाई गोलबन्द गर्दै नेपालमा नयाँ जनवादी क्रान्तिको तयारीमा लाग्नु अहिले सच्चा कम्युनिस्टहरूको एकमात्र कार्यभार हो ।

*जेठ १७, २०७७*

## अखिल...

जन्मनु भई हाल देवदह-८, रूपन्देहीमा आफ्नो परिवारको साथमा बस्दै आउनु भएको थियो । विगत ८ वर्ष देखि प्यारालाइसिस रोगबाट ग्रसित उहाँका ५ छोरी, ४ छोरा, १४ नाति नातिना र ९ पनाती पनातीनाहरू हुन्हुन्छ । उहाँको देहान्तले हाम्रो महासंघले एक असल अभिभावक र आदरणीय आमा गुमाएको छ । अपुर्व शोकको यस दुस्खद समयमा हाम्रो महासंघ उहाँ प्रती हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । मित्र राजु भुजेल र शोकमग्न सम्पुर्ण परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ ।

***महासचिव***
***वसन्त बोगटी***
***अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ***

## नि:शुल्क...

काँगेसको सरकारका अर्थमन्त्री बने, उनले अमेरिकामा रोनाल्ड रेगन र बेलायतमा मार्गरेट थ्याचरको पालादेखि नै चल्दै आएको पुँजीवादको नवउदारवादी संस्करणलाई भद्धा नक्कल गरे। समाजवादी देशहरू-रुस र चीनले नेपाली जनतालाई उपहारस्वरूप बनाइदिएका कैयौ कलकारखाना तथा उद्योगधन्दाहरूलाई उनको व्यक्तिगत कमिसनको लागि कौडीको मूल्यमा भारतीय व्यापारीहरूलाई बेचे । परिणाम हजारौ युवाहरू वेरोजगार बने र कामको खोजमा विदेशतीर भौतारिन बाध्य बनाइए । यसो गरेवापत उनी अमेरिकी नवउदारवादी खेमाबाट पुरस्कृत पनि गरिए ।

***नेकपा सरकारको बजेटभित्र नवउदारवादी धन्दा***

र अहिले नेपाल कम्युनिस्ट पार्टी(नेकपा)को सरकारका अर्थमन्त्री डा.युवराज खतिवडाले संसदमा २०७७/०७८को बजेट प्रस्तुत गरेका छन् । र बजेटको १६६ नम्बर बुँदामा उनले भनेका छन् -'माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सबै निजी विद्यालयले सामाजिक उत्तरदायित्व बहन गर्दै कम्तीमा एक सामुदायिक विद्यालयमा शैक्षिक पूर्वाधार सामग्रीसहित विद्यालयको शैक्षक गुणस्तर सुधारको जिम्मेवारी लिनुपर्ने व्यवस्था गरेको छु ।'

नवउदारवादी अर्थतन्त्रमा आधारित बजेट प्रस्तुत गरेर अहिले कम्युनिस्ट सरकारका अर्थमन्त्री डा.युवराज खतिवडाले नेपालको शिक्षा र स्वास्थ्य क्षेत्रमा नीजीकरण(वोर्डिग स्कुलहरू)लाई बढवा दिएर नेपाललाई साम्राज्यवादी तथा विस्तारवादी एकाधिकार दलालहरूको पञ्जामा पार्न मद्त गर्दैछन् । सार्वजनिक स्कूल तथा अस्पत्तालहरू, जसलाई बुझ्ने भाषामा सरकारी स्कूल तथा अस्पत्ताल भन्ने गरिन्छ, लाई नीजी स्कूल तथा अस्पत्तालको जिम्मा दिने भनेको सारतः तिनीहरूलाई साम्राज्यवादी तथा विस्तारवादी एकाधिकार दलालहरूको पञ्जामा पार्न मद्त गर्नु नै हो ।

बहुराष्ट्रिय कम्पनीहरू अन्तरगत चल्ने यस्ता निजी स्कूल तथा अस्पत्तालहरूले गर्ने काम भनेको आखिरमा उनीहरूका मालिकहरू साम्राज्यवादी तथा विस्तारवादी एकाधिकार दलालहरूको पञ्जालाई नेपालमा बलियोगरी टेकाउन मद्त पुऱ्याउने नै हो र अहिले कम्युनिस्ट सरकारका अर्थमन्त्री डा.युवराज खतिवडाले बजेटको १६६ नम्बर बुँदामार्फत त्यो काम गर्दैछन् ।

***ओली सरकार र समाजवाद उन्मुख अर्थतन्त्र***

ओली सरकार, जसले आफूलाई कम्युनिस्ट सरकार भनेर थाक्दैन, त्यसका अर्थमन्त्रीले नेपालको संविधान २०७२को प्रस्थापनामा राखिएको 'समाजवाद उन्मुख अर्थतन्त्र'को धज्जी मात्रै उडाएका छैनन, संविधानको मौलिक हक, २०७५ को शिक्षा नीति र बालबालिका सम्बन्धी ऐन २०७४ को समेत विरुद्धमा जाने गरी बजेट प्रस्तुत गरेका छन् ।

समाजवाद उन्मुख अर्थतन्त्रको प्राप्तीको लागि महत्वपूर्ण हतियारहरू भनेका शिक्षा, स्वास्थ्य र आवास हुन, जो संविधानतः जनताका मौलिक हक र अधिकारभित्र पर्दछन् । तर ओली सरकारले आफै नेपालको संविधान २०७२को वर्खिलाप काम गरिरहेकोछ। यसको अर्थ सार्वजनिक शिक्षा, स्वास्थ र आवासजस्ता मानव अधिकारभित्रका कुराहरूको प्राप्तीको जिम्मा उसले निजी विद्यालय, अस्पत्ताल तथा एनजीओ र आइएनजीओहरूलाई दिने भएको छ ।

देशमा समाजवाद स्थापना गर्ने नारा दिएर सरकार बनाउन सफल भएको नामधारी कम्युनिष्ट सरकार कुरा र भाषणमा मात्रै समाजवाद, व्यवहारमा नवउदारवादको मूल मन्त्र नीजिकरणको कार्यान्वयन भन्ने स्पष्ट हुन्छ ।

ओली सरकारकका लागि सामुदायिक विद्यालय र सामुदायिक अस्पत्तालहरू भालुको कम्पड भएका छन् किनभने यसवाट उनीहरूका लागि र उनीहरूका दलाल तथा विचौलियाका लागि आर्थिक आम्दानी सम्भव छैन र भए पनि कम हुन्छ ।

***निष्कर्ष: जनताको आवाजका विरुद्ध ओली सरकार***

निर्णय प्रक्रिया धेरैभन्दा धेरै ब्यापारीको हातमा हुनुपर्छ । निजी नाफाको लागि काम गर्नेहरूलाई सबै कुराको निर्णय गर्ने अधिकार सुम्पिनुपर्छ । सार्वजनिक हितमा चासो राख्नेहरूको प्रभावबाट निर्णय प्रक्रिया मुक्त राखिनुपर्छ ।' भन्ने उदारवादी अर्थतन्त्रको सिद्धान्त नै अहिले नेपालको कम्युनिस्ट सरकारको अर्थमन्त्रीको मार्गनिर्देश सिद्धान्त बनेकोछ । र यही आधारमा बजेटको १६६ बूँदा आएको हो । सार्वजनिक विद्यालयहरूको निजीकरण गर्नु भनेको स्पष्टतः नेपालको संविधान २०७२को धारा ३१ (२) को मौलिक हकलाई चटक्कै बिर्सेर निजीकरणतर्फ देशलाई लैजाने हो ।

नेपाली जनता चाहन्छन् निजी विद्यालय तथा अस्पत्तालहरू बन्द गरेर सरकारी विद्यालय तथा सरकारी अस्पत्तालहरूको स्तरोन्नति गरियोस । तर सरकार भने यसको उल्टो शिक्षा र स्वास्थ्य दुवैलाई नीजी विद्यालय र नीजी अस्पत्तालको जिम्मा दिन थालेकोछ । यसले ओली सरकार मात्रै नभई समगमा नेपालको यो वर्तमान संशदवादी पुँजीवादी राज्यसत्ता नै असफल र असक्षम भएको प्रमाणित हुन्छ ।

निजी विद्यालय बन्दै गर्नुपर्छ भन्ने आवाज सडकमा पनि उठ्दै आएको आवाज हो । जनताको आवाज विरुद्ध जाने सरकार कसरी जनताको सरकार हुन सक्छ ?सरकारले भन्ने बेलामा विद्यालय शिक्षा सरकारले जिम्मा लिने भनेर भन्दै आयो तर अहिले बजेटमार्फत जिम्मा निजीलाई सुम्पने भयो । यो भनाइ र गराइमा सरकार कहाँ छ भनेर मूल्याङ्कन जनताले गर्ने समय आएकोछ । र सार्वजनिक शिक्षाको अनिवार्य शिक्षा ऐन २०७५, बालबालिका सम्बन्धी ऐन २०७४ र संविधान २०७२ को बर्खिलाफमा यो प्रावधान सरकारले ल्याएको छ ।

ओली सरकारले केही मुठ्ठीभर मानिसको कल्याणको लागि यस्तो नीतिगत परिवर्तन ल्याउने गरी बजेट ल्याएकोछ । यो बजेटका कारण कम्युनिस्ट सरकार भन्दा भन्दै बहुमत जनता सबै भुइँमा पछारिएका हुने छन् । र नपाली समाज अव ०.१ प्रतिशत मानिसको हातमा कुल सम्पत्तिको २० प्रतिशत सम्पत्ति केन्द्रित हुने खालको समाजमा परिवर्तन हुने अवस्था छ । आधा जनसंख्यासँग सम्पत्तिको नाममा केही हुने छैन र आज खान आजै कमाउनुपर्ने बाध्यतामा नेपाली जनता रहने छन ।

नवउदारवादी अर्थनीति भन्छ-बैंक तथा कम्पनीको नाफा बढेसँगै तिनीहरूको सीईओको तलब बढ्छ । तर कामदारहरूको ज्याला भने जहिल्यै जतिको त्यत्ति नै हुन्छ । अर्थशास्त्री इमानुएल सेज र गाब्रियल जुकमेनले 'द ट्रियुम्प अफ जस्टिस' मा सबभन्दा धनी मानिसबाहेक सबै अरु आर्थिक समूह कसरी ओरालो यात्रा गरिरहेका छन् भन्ने कुराको व्याख्या गरेका छन् र अहिले ओली सरकारका अर्थमन्त्रीको ध्यान पनि यतैतिर केन्द्रीत देखिन्छ । नीर्वाचनका दौरानमा र पछि पनि भाषणमा निजी स्कूल तथा अस्पत्तालआदिलाई क्रमशः बन्द गर्दै जाने भन्ने कथित कम्युनिस्ट शक्तिहरूको सरकारले सडकमा जुन हल्ला गरेको थियो ती हल्ला पनि हावा रहेछन भन्ने यो बजेटले प्रमाणित भएको छ ।

समग्र शिक्षा राज्यको नियन्त्रणमा वा राष्ट्रियकरण गर्नुपर्ने अवाज उठिरहेका बेला राज्यले त्यो आवाज नसुनी यो व्यवस्था गर्नुले राज्य अझै पनि राज्य नागरिकलाई दिनुपर्ने सुविधाबाट पछि हटेको हो ? भन्ने प्रश्न उठ्न पुगेको छ । संविधानको मौलिक हकको कार्यान्वयन गर्ने सन्दर्भमा भनिएझैं शिक्षाको व्यापार रोक्ने, शिक्षाको दायित्व सरकारले लिने भनिएको छ । राज्यको निर्देशक सिद्धान्तमा राज्यले शिक्षामा व्यापार होइन सेवामूलक हुँदै क्रमशः गैरनाफामुखी बनाउँदै जानुपर्छ भनेको छ । तर नवउदार पुँजीवादको क्रुर अनुहार नेपाली जनताले वर्तमान कम्युनिस्ट सरकारको पालामा देख्ने भएका छन् ।

ओली सरकारका अर्थमन्त्री डा. खतिवडाले पछ्याएको बाटो पनि यही हो र नेपाली जनताले इतिहासको लामो समयमा नभोगेको विपत्ति भविश्यमा भोग्ने वाला छौं-नवउदारवादी अर्थतन्त्रको नाइके अमेरिकारलाई एमसीसीको नाममा देशभित्र भित्र्याएर । कति लामो समय नेपाली जनताले आफ्ना लागि निःशुल्क शिक्षा र स्वास्थ्य सेवा आकाशको फलजस्ते माथितीर हेरेर बस्नु पर्ने हो वा यसबाट एउटा नयाँ क्रान्तिको जन्म हुने हो ?

## नेपालको...

सर्वोच्च अदालतमा बुझाएको लिखित प्रत्युतरमा, उनले लिपुलेक, कालापानी क्षेत्रकै विषय समाधान गर्न पनि आफु सक्रियतापूर्वक लागेको उल्लेख गरेका थिए । तर, मुलुकको सीमा रक्षाका लागि यति दत्तचित्तले लागेका प्रधानमन्त्री ओलीले पश्चिम दार्चुलामा भारतले अतिक्रमित सडक निर्माण गरेको सुचना नपाउनु आफैमा असामान्य अवस्था हो ।

यस सम्बन्धमा एकजना पूर्व मुख्य महासचिवको भनाई अनुसार पछिल्लो दुई दशकमा प्रधानमन्त्री बनेका नेपाली नेताहरू मध्ये प्रधानमन्त्री केपी ओली सबभन्दा बढी सुचना लिएर बस्नेमा गन्छन् । यसै गरेर अर्का नेपालकै नेता भन्छन्, सन्साना व्यक्तिगत सुचनाहरू समेत लिएर बस्ने हुनाले सचिवालयका कतिपय नेताहरू नै धैरै पटक ओलीको अगाडि लज्जित बनेको अवस्था देखेकै हो ।

देशमा भइरहेको गतिविधि सम्बन्धी सुचना सामान्यतया सर्वसाधारण जनतालाई समेत थाहा भएको सुचना प्रधानमन्त्रीलाई थाहा थिएन भन्नु जतिको लाजमर्दो कुरा अरु के हुन सक्छ ? के मन्त्रीपरिषद्का जिम्मेवार परराष्ट्रमन्त्री, रक्षामन्त्री, गृहमन्त्रीहरू तथा सम्बन्धित निकायका प्रमुखहरू देश र जनताप्रति जिम्मेवारी रवैयामा रहेर पद र प्रतिस्थाको आडमा, देशद्रोही काममा लिप्त रही आएका हुन त ? हुनभने त्यस्तालाई तत्काल आवश्यक कार्वाही गरेर आफु देशका सच्चा प्रधानमन्त्री (पहरेदार) हुनुको ठोषरूप देखाउनुको उल्टो उनीहरूकै भरपर्दो र मजबुट ढाल बन्दै हिँडेका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी) लगायत देशभक्त पार्टीहरू तथा देशका तमाम् स्वाभिमानी जन-समुदायहरूको विरोध र नेपालको अधिकारिक नक्सा आवश्यक्ताको दवाव राष्टब्यापी रूपमा बढ्दै गएपछि बाध्य भएर, तथाकथित राष्ट्रवादी भाषण बहादुर ओली नेतृत्वको सरकारले बढो चतुऱ्याइँपूर्ण तरिका अपनाई, देश र जनताको नजरमा धमिलिँदै गएको आफ्नो छबिलाई चोख्याउन, विस्तारवादी भारतीय मोदी सरकारले हेपा र मिचाहा प्रवृत्ति अपनाई स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड राष्ट्र नेपालको भूमी लिम्पियाधुरा, लिपुलेक र कालापानी अतिक्रमण गरी उनले आफ्नो नक्सामा समाहित गरी, त्यसै क्षेत्रमा बाटो समेत निर्माण गरी उद्घाटन गरिभ्याएको वर्तमान स्थितिमा, उक्त अतिक्रमित आफ्नो भूमि लिम्पियाधुरा, लिपुलेक र कालापानी सहितको नक्सा, नेपाल सरकारले नेपालको अधिकारिक नक्सा प्रकाशन गरी व्यवहारमा ल्याउनु यद्यपी धिलै भएपनि यतिखेर सकारात्मक काम भएको छ । तर यसो भन्नुको अर्थ यो नै सम्पूर्ण काम तमाम् भयो भन्ने होइन । अब कतिपनि धिलो नगरी आफ्नो अतिक्रमित भूमि हासिल (फिर्ता ल्याउन) गर्न ठोस कदम चाल्नु जरुरी छ ।

ओली नेतृत्वको सरकार लकडाउन नै सबथोक हो भन्ने जस्तो गरी कोभिड १९ भाइरस संक्रमण रोकथामको निम्ति आवश्यक तयारीमा नजुत्नु र लकडाउन फितलो हुनु । जिम्मेवार पदमा रहेका स्वास्थमन्त्री भानुभक्त ढकाल केही विज्ञहरूको आधारहिन भनाई, यो महिनाको अन्तदेखि संक्रमण घट्दै जान्छ भन्ने जस्ता अदकलबाजिमा लागेर, कोरोना संक्रमणले नेपालमा भयावह रूप नलिने रटान लगाउँदै, विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले आरडीटी बारे गुणस्तरमा प्रश्नचिन्ह उठाउँदै आइरहेको अवस्थामा, बिना अनुभवका ओम्नीसँग स्वास्थ्य सामग्री सम्बन्धी खरिद गर्ने सम्झौता गरी ल्याएको आरडीटी । सामाग्री खरिद सम्झौताका संयोजक डा. खेम कार्कीको टोलीले मास स्क्रिनिङका लागि चाहिने भन्दै स्वास्थ्य सामाग्री खरिद लिष्टमा थपेर ओम्नीले ल्याएको ७५ हजार आरडीटी किट प्रयोगमा ल्याउन हुने नहुने अनेकन जुक्तिमा लागेका थिए ।

यसै क्रममा विश्व स्वास्थ्य संगठनको कुरा एकातिर छ भने आफ्नै देशको राष्ट्रिय स्वास्थ्य अनुसंधान परिषदको सिफारिसलाई समेत लत्याउँदै, स्वास्थ्य मन्त्रालयले ओम्नीले ल्याएको किट प्रयोग गर्न पाउनु पर्ने भन्दै मन्त्रीपरिषदमा प्रस्ताव गर्न पुग्नु । र मनत्रीपरिषदले पनि तत्कालै स्वीकृति दिन, किटको गुणस्तर बारे राष्ट्रिय स्वास्थ्य अनुसंधान परिषदको रिपोर्टसम्म पनि नपर्खि (नहेरी) हतारिएर स्वीकृति दिनुबाट पीसीआर टेष्टको साटो आरडीटी टेष्ट नै प्राथमिक्तामा पर्न जानु, आरडीटी प्रयोग गरी आएको टेष्टिङको नतिजामा नै प्रश्न उठेको छ। यस्तै यस्ता सम्बन्धित निकायको देश र जनताप्रतिको गैरजिम्मेवार रवैयाकै कारण आज देशमा यो कोभिड १९ भाईरस संक्रमण राष्ट्र सामु भयावह स्थिति सृजना हुन आएको छ । जस्ले गर्दा देशका आम जनता त्यो कोभिड १९ संक्रमणको महासंकटको भूमरिभित्र गुट-मुतेर भोली के हुने हो भन्ने संत्रासमा जिउन बाध्य हुन पुगेका छन् ।

सत्तापक्ष र प्रतिपक्ष दुबैले एकआपसमा घाँटी जोडेर मरिहत्ते गरेर लागि परिरहेको अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेशन सम्झौता (एमसीसी) सहायता सामान्य दुईपक्षिय अनुदान नभई अमेरिकाको विश्वव्यापि रणनीति र कार्यक्रम हो । यदि एमसीसी स्वतन्त्र र सन्तुलित नीति हो भने त्यसलाई विस्तार र सुदृढ गर्ने खुल्ला र स्वतन्त्र नीति हुनुपर्थ्यो । त्यसो नभई एमसीसी सम्झौता-पत्रमा उल्लेखित बुँदाहरूमा नवउदारवादी साम्राज्यवादले, स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड राष्ट्र नेपालको राष्ट्रिय स्वाधिनामाथि एकाधिकार जमाउने प्रावधान सहितको अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौता संघीय संसदबाट अनुमोदन (पारित) गर्न गराउन हुनेसम्मको दलालि तिग्रम उपयोग गरी राष्ट्रघाटी एमसीसी सम्झौता जसरी भएपनि अनुमोदन गर्ने गराउने उद्देश्यका साथ, देशमा आइपरी रहेको यो कोभिड १९ भाइरसको संक्रमन आफ्नै कमि-कम्जोरीबाट सृजीत यो राष्ट्रिय महासंकटको स्थितिलाई अवसरको रूपमा उपयोग गर्न चोर बोटाबाटै भएपनि छिर्ने प्रयत्नमा लागिरहेका छन् ।

सरकारको नीति तथा कार्यक्रममाथि उठेका प्रश्नहरूको जवाफ दिन प्रतिनिधिसभामा उपस्थित हुन पुगेका वर्तमान सरकारको नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी शर्मा ओलीले भने - यो अमेरिकी मिलेनियम चयालेन्ज कर्पोरेशन सम्झौता अहिलेको सरकारले सम्झौता गरेको होइन । अघिल्लो संयुक्त सरकारले सम्झौता गऱ्या हो । अघिल्लो सरकारले गरेको काम मैले गरेको हैन भनेर अलपत्र छाड्न मिल्दैन । भन्दै आफ्नो स्वार्थ सिद्धगर्न ल्याएको यो प्रसंगसँग मिल्दोजुल्दो एउटा लघुकथा छ - 'यका बिहानै विष्णुमति खोलाको एकछेउमा एक बालक आछि गरिरहेको ठाउँ नज्दिक अर्को छेउमा आछि गर्न बसेका एक पाको मान्छेले बालकलाई देखेछ । त्यो बालकले आछि गर्दागर्दै भतमास कुपुकुपु खाइरहेको देखेर, उसले बालकलाई हकार्दै भने - धत बदमास यसरी आछि गर्दागर्दै पनि त्यसरी भतमास खाने हो भनेको सुनेर त्यो बालक जिल्ल परेर उन्लाई दराई दराई हेरे । एकक्षिण पछि त त्यो पाको मान्छेले आफ्नो दायाँ बाँया हेरेर कोही नदेखेपछि बालकतिर हेरेर मलिन स्वरले भने, खोइ बाबु मलाई पनि अलिदेउ म पनि खान्छु भनी मागेर खाए ।' जस्तै राज्यसत्ताको बागदोर सम्हाली बसेका प्रधानमन्त्री ओलीले त्यस्तो हाँस्यासपद कूतर्क अगाडि सारेर नेपाल र नेपालीको गौरवमय इतिहांसमा कालो धब्बा लगाउन उडत रहेको देख्नमा आएको छ ।

वर्तमानको यो जतिलतम स्थितिमा, देश र जनविरोधी क्रियाकलापहरूको विरोध अहिलेकै स्थिति अर्थात एकला एकलै पार्टीभित्र र बाहिर अनि देशभक्त पार्टीहरू संघ संस्थाहरू बेग्ला बेग्लै मञ्च खडा गरेर विरोध गर्दै हिंड्नु । देश र जनताको आवश्यक्ता र चाहना अनुरूप होइन भन्ने कुरा सम्बन्धी त सबैपक्षले बुझ्नु जरुरी छ। जरुरी छ, गलत सोच र गलत कार्यविधिबाट बिद्रोहमा उत्रेर आजको आवश्यकता अनुरूप देश र जनताको मुक्ति र स्वतन्त्रताको लडाईं सशस्त्र जन-विद्रोहमा एकाकार (एकजुद) भई क्रान्तिकारी अभियानलाई निसंकोच अगाडि बढाउनु क्रान्तिकारी देशभक्तहरूको राष्ट्रिय नैतिक दायित्व हो। २०७६/२/९

*ताहाचल, काठमाडौँ ।*

## अब...

पुँजीवादी साम्राज्यवादी उदार अर्थनीति, बजार अर्थतन्त्रमा आधारित यो दलाल संसदीय व्यवस्थाले १२ बर्षमा अढाईसय बर्षको सामन्ती राजतन्त्र, १०४ बर्षे जहानीयाँ राणा शासन, ३० बर्षे पञ्चायती व्यवस्थाको एकैपटक सम्झना गराउने स्थितिमा पुऱ्याएको छ । राजा र राणाहरूको शोषण, दमन, विभेद, अन्याय, अत्याचार र उत्पीडिनबाट आजित जनताले उत्तम व्यवस्थाको खोजी गर्दै स्थापित गरेको यो व्यवस्था अन्ततः दलालहरूको हितरक्षामा सीमित हुन पुग्यो । काण्ड र प्रकरणले बद्नाम बन्न पुगेको यो तथाकथित लोकतान्त्रिक गणतन्त्रका शासकहरू पद, पैसा र कुर्सीका लागि देशै बेच्न पनि पछि नपर्ने स्तरमा गिरेका छन् । दुई तिहाइ जनमतसहित चुनावमार्फत् सरकारको नेतृत्व गर्न पुगेको डबल नेकपा र प्रधानमन्त्री ओलीले कम्युनिस्ट र बाम नामको बद्नाम मात्रै गरेका छैनन्, कलंकित बनाएका छन् । वास्तविक र असल कम्युनिस्टहरूलाई अनुहार देखाएर हिड्न नहुने बनाएका छन् । कम्युनिस्टको आवरणमा गरेका बद्मासीहरूको भण्डाफोर गर्नेमा पनि सडकको अगुवाई क्रान्तिकारी माओवादीले नै गरिरहेको छ ।

ओली सरकारले अहिले लिम्पियाधुरासहितको नक्सा जारी गरेको छ। राजनीतिक पार्टीका हिसाबले यसको प्रमुख श्रेय मोहन वैद्य'किरण' नेतृत्वको क्रान्तिकारी माओवादी पार्टीलाई जान्छ । यो पार्टीले लामो समयदेखि राष्ट्रिय स्वाधीनताको मुद्दा बोकेर संघर्ष गरिरहेको छ । भारतले अतिक्रमण गरेको लिम्पियाधुरा, लिपुलेक, कालापानीसहितको नक्सा बोकेर देशव्यापी अभियान सञ्चालन गरेको पनि तीन वर्ष भइसक्यो । पछिल्लो मंसिरमा सम्पन्न केन्द्रीय समितिको बैठकले त राष्ट्रिय स्वाधनताको मुद्दालाई प्रधान बनाउँदै चैत्र २४ सम्म तीन चरणको अभियान नै सञ्चालन गरेको थियो र बैशाख जेठमा 'लिम्पियाधुरा जाऔं' भन्ने अभियान नै सञ्चालन गर्ने निर्णय गरेको थियो । कोरोना भाइरस (कोभिड-१९)को महामारीका कारण अभियान स्थगित भए पनि यो पार्टी तथा पार्टी सम्बद्ध विभिन्न जबस मोर्चाहरूले महामारी र लक डाउनको जोखिम मोलेर समेत विरोध प्रदर्शन जारी राखेको छ । अर्थात् राष्ट्रिय स्वाधीनताको आन्दोलनमा मोहन वैद्य'किरण'ले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) नै सडकको प्रमुख नेता पार्टी हो । सडकको दबाबमा नै ओली सरकार लिम्पियाधुरासहितको नक्सा जारी गर्न बाध्य भएकोले यसको प्रमुख श्रेय यो पार्टीलाई नै जान्छ । तर बिडम्बना, गर्ने भन्ने हनुमान पगरी गुथ्ने ढेडुँ भनेझै श्रेय लिने र रातारात राष्ट्रवादी हुनेहरूको प्रतिस्पर्धा देख्दा उदेक लागेर आउँछ ।

स्पष्ट शब्दमा क्रान्तिकारी माओवादीले भनेको छ- सीमामा सुरक्षा फौज तैनाथ गर, सीमामा तारबार लगाऊ, भारतीय शासकसँग प्रभावकारी कुटनीतिक तथा राजनीतिक वार्ता गर, सँगै यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर । सरकारले भने जारी नक्सालाई समेत संवैधानिक हैसियत प्रदान गर्नबाट पछि हटिरहेको छ । संविधान संशोधन गरी सरकारको निशान छापमा भएको नक्कली नक्सा सच्याउने प्रक्रिया समेत अगाडि बढाउन सकिरहेको छैन । बुधबार मात्र संविधान संशोधनसम्बन्धी संसदमा प्रस्ताव गर्ने प्रचार गरिए पनि कार्यसूचिबाटै उक्त प्रस्ताव हटाइएको छ। स्रोतका अनुसार भारतीय कुटनीतिज्ञ श्यामशरणका कारण उक्त प्रस्ताव प्रस्तुत हुन नसकेको पनि टिप्पणी भइरहेको छ । उता अमेरिकी राष्ट्रपति ट्रम्पले लिम्पियाधुरा, लिपुलेक, कालापानी विवादमा चीन र भारतबीचमा मध्यस्थता गर्न तयार रहेको प्रचार गराएका छन् । विकसित घटनाक्रमलाई हेर्ने हो भने नेपालमा अमेरिका, भारत र चीन आपसी स्वार्थ रक्षाका लागि नजिकबाट टकराइरहेका छन् । एमसीसी संसदबाट पास गराउन दबाब दिंदै आएको अमेरिकाले एमसीसी पास नहुँदै नेपाल मामिलामा ठाडो हस्तक्षेप गर्न थालेको छ । विदेशी शक्ति राष्ट्रहरूको मुलुक क्रिडास्थल बन्दै गएको यस पृष्ठभूमिमा नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा अब निकै पेचिलो मुद्दा बन्न पुगेको छ । यो स्थितिको लागि फेरि पनि दलाल संसदीय व्यवस्था नै जिम्मेवार छ ।

तसर्थ, देशको स्वाधीनताको रक्षा गर्न, आन्तरिक राष्ट्रियतालाई बलियो बनाउन र वास्तविक अर्थमा जनतालाई अधिकारसम्पन्न बनाउन फेरि अर्को सशक्त संघर्ष अपरिहार्य बनेर गएको छ । भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको हस्तक्षेपबाट मुलुक बचाउनका निम्ति फेरि पनि देशभक्त र क्रान्तिकारी शक्तिहरू एकढिक्का भएर संघर्ष गर्नुको विकल्प छैन । सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारी शक्तिहरू बाहेक अरु कसैले यो देशको रक्षा गर्न सक्ने स्थिति देखिन्न । जनतालाई सुदृढ, आशा र भरोसायुक्त क्रान्तिकारी राजनीतिक पार्टीको महसुस भइरहेको छ । त्यही पार्टीको नेतृत्वमा नेपालमा जनगणतन्त्रको स्थापना हुनेछ र वैज्ञानिक समाजवादी क्रान्तिको प्रक्रियामा मुलुक अगाडि बढ्नेछ ।


**रोयल बुईपा A/C जम्बो हाईस**



**गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म**

**काठमाडौं सम्पर्क नम्बर**
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१९८१५२९०

**गाईघाट सम्पर्क नम्बर**
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

**दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।**



**आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।**

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,**
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**
कोटेश्वर– ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल– ९८५१२४५६८०
दिक्तेल– ०३६४२०६७३, ०३६४०२०६८०

## आलोपालो

### टिप्पणी

# अब जनगणतन्त्र मुठ्ठीभरको लागि !



दशवर्षको जनयुद्ध, १९ दिने जनआन्दोलन, मधेस आन्दोलन, आदिवासी जनजाति, महिला, दलित मुक्ति आन्दोलनको उपलब्धिको रूपमा 'संघीय लोकतान्त्रिक गणतन्त्र'को स्थापना भएको भए पनि ती सबै युद्ध र आन्दोलनको जनादेश भनेको उत्पीडित जातिहरूको पहिचानमा आधारित जनताको संघीय जनगणतन्त्र थियो । युद्धरत शक्ति, आन्दोलनरत शक्ति, विदेशी शक्ति केन्द्र सबैको शक्ति सन्तुलन भन्दै घुमाई फिराई सामन्त, दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्थालाई पुनर्संगठित गरियो । रूप र नाममा केही परिवर्तनजस्तो देखिए पनि आधारभूत रूपमा र सारतः राज्यव्यवस्थामा कुनै परिवर्तन भएन । परिणामतः युद्ध र आन्दोलनमा अभिव्यक्त जनताको चाहना र आकांक्षामाथि पुनः धोका र गद्दारी हुन पुग्यो । आमूल परिवर्तन अर्थात् सामाजिक, आर्थिक अनि साँस्कृतिक रूपान्तरणका एजेण्डाहरू सडकमै असरल्ल अवस्थामा रहन पुगे ।

दशवर्ष युद्ध लडेको तत्कालीन नेकपा (माओवादी)ले शान्तिप्रक्रियामा आउँदै गर्दा जनयुद्ध र जनविद्रोहको फ्युजनबाट सामन्तवाद र साम्राज्यवादविरोधी नयाँ जनवादी क्रान्तिलाई पूर्णता दिने उद्घोष गरेको थियो । त्यसै अनुसार पार्टी नेतृत्वले नेता कार्यकर्ताहरूलाई प्रशिक्षित पनि गरेको थियो । संविधानसभाको चुनावमा जाँदै गर्दा पनि दिमागमा विद्रोह मुखमा संविधानसभाको चुनावको नारा नै तत्कालीन कार्यनीतिक स्टेप थियो । ६ दिने आम राजनीतिक हड्तालसम्म पनि तत्कालीन पार्टीको आव्हानमा देशको राजधानी र सबै जिल्ला सदरमुकाम कब्जा गर्ने मानसिकता बोकेर नै गाउँ गाउँबाट कार्यकर्ता र श्रमजीवी जनता सहर पसेका थिए । भुँइतहका कार्यकर्ता र जनतामा रहेको 'क्रान्तिकारी उर्जा'लाई तत्कालीन माओवादी नेतृत्वले केवल तत्कालीन प्रधानमन्त्री माकुनेको राजिनामाको नारामा 'सेबोटेज' गरिदियो । नेताहरूको चालबाजी, नियत, धोका र बेइमानीलाई बुझ्दै गएपछि पार्टीभित्र दुई लाइन संघर्ष भीषण रूपमा चल्न पुग्यो र अन्ततः पार्टी विभाजित हुन पुग्यो । प्रचण्ड-बाबुरामको दक्षिणपन्थी नवसंशोधनवाद तथा अवसरवादका विरुद्ध विद्रोह गर्दै कमरेड किरणले क्रान्तिको झण्डा उचाले । विचार र राजनीतिक हिसाबले जनयुद्धको विरासतको स्वामित्व ग्रहण गर्दै सडक संघर्षमार्फत् निरन्तर रूपमा पुनर्संगठित संसदीय व्यवस्थाको राष्ट्रविरोधी र जनविरोधी चरित्रलाई जनताबीचमा भण्डाफोर गरिरहे । तीव्र प्रतिक्रियावादीकरणको प्रक्रिया देखेर नै पहिलो संविधानसभाबाट संविधानसभा सदस्यको पद त्यागेर हिडेका कमरेड किरणले दोस्रो संविधानसाको चुनाव बहिस्कार गरे । एमाले र माकेहरूले नयाँ जनवादी क्रान्ति पूरा भयो भनेर राज्यशक्तिको स्रोतसाधन समेत दुरूपयोग गरेर ठूलै भ्रम फिँजाए पनि कमरेड किरणले नयाँ जनवादी क्रान्ति पूरा भएको छैन, यो व्यवस्था सामन्त, दलाल तथा नोकरशाही पुँजीवादमा आधारित संसदीय व्यवस्था हो, यसले विस्तारवादी र साम्राज्यवादीहरूको इशारामा उनीहरूकै वर्गस्वार्थको हितमा काम गर्छ, नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहमार्फत् यो दलाल संसदीय व्यवस्थाको अन्त्य गरेर मात्र नयाँ जनवादी क्रान्तिको कोर्स पूरा गर्न सकिन्छ र वैज्ञानिक समाजवादी क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन सकिन्छ भन्दै निरन्तर सडकमा आवाज बुलन्द गरे । अहिले पनि राष्ट्रियता, जनतन्त्र र जनजीविकाको मुद्दामा सडकमा उत्रने र सकड मोर्चाको नेतृत्व गर्ने राजनीतिक शक्ति मोहन वैद्य'किरण'ले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) नै रहेको छ । र, तथाकथित संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको यो १२ बर्षमा पटक पटक पुष्टि भइसकेको छ कि यो व्यवस्था ती सबै श्रमजीवि, शोषित उत्पीडित, उपेक्षित वर्ग र समुदायका लागि अभिशाप बनेको छ, जसले दशवर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन, मधेस अन्दोलन, आदिवासी जनजाति आन्दोलन, दलित, महिला मुक्ति आन्दोलनमा बलिदानीपूर्ण ढंगले योगदान गरेका थिए ।

*बाँकी ७ पेजमा*

# रूकूम घटनाप्रति अखिल नेपाल किराँती राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समिति सचिव गंगा राईको प्रेस बक्तब्य

यसप्रकारको पश्चगामी शामन्ती विचलनको घोर विरोध गर्दै निष्पक्ष छानविन गरी दोषीलाई कडाभन्दा कडा कारवाहीको माग

२०७७ साल जेठ १० गते रूकूम जिल्लाको चौरजहारी नगरपालिका -८ सोती गाउमा अन्तर जातीय विवाह प्रकरणलाई लिएर घटेको कहाली लाग्दो घटनाप्रति अखिल नेपाल किराँती राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समितिले यस्ता अमानवीय र पासविक हत्या काण्डमा संलग्न दोषीहरूलाई कडा भन्दा कडा सजायको लागि सरकारसँग माग गरेकोछ । केन्द्रीय समितिको तर्फबाट उक्त महासंघका सचिव गंगादेवी राईद्धारा प्रेस बक्तब्य जारी गरिएकोछ, जसको विस्तृत पाठ तल दिइएकोछ :

**प्रेस बक्तब्य**

यही २०७७ साल जेठ १० गते रूकूम जिल्ला भेरी नगरपालिका -४ राना गाउँ जाजरकोट निवासी नवराज बिक र चौरजहारी नगरपालिका -८ सोती गाउ निवासी शुष्मा मल्लबीचको प्रेम सम्वनधलाई केटा र केटी दुवैको सहमतिमा विवाह वन्धनमा जोडिने क्रममा यही जेठ १० गते नवराज बिक, टीकाराम बिक, गणेश बूढा र लोकेन्द्र सुनारको बर्बर हत्या गरिएकोछ । थप २ जना यवाहरू सञ्जु विक र गोविन्द शाहीलाई वेपत्ता पारिएकोछ । अन्य नवराजका साथमा त्यो घटनाका बेला रहेका व्यक्तिहरूको अवस्था चिन्ताजनक रहेकोले उपचार भइरहेकोछ । उक्त अमानवीय विभत्स घटनाप्रति हाम्रो संगठन अखिल नेपाल किराँती राष्टिय मुक्ति मोर्चा केन्द्रीय समिति यसप्रकारको पश्चगामी शामन्ती विचलनको घोर विरोध गर्दछ । र निष्पक्ष छानविन गरी दोषीलाई कडाभन्दा कडा कारवाहीको माग गर्दछ ।


*गंगादेवी राई*
*सचिव*
*अखिल नेपाल किराँती राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय समिति*

## संयुक्त...

टेकबहादुर विक लगायत ४ जना दलित नेताहरू घाइते भएका छन् । उनीहरूको ट्रमा सेन्टरमा उपचार भइरहेको विरोध कार्यक्रममा ऐक्यबद्धता जाहेर गर्न पुगेका मजदुर नेता बसन्त बोगटीले जानकारी दिए ।

रुकुम चौरजारी हत्याकाण्डको हत्याराहरूलाई कारबाही गर लगायतका नाराहरू लगाउँदै सडक प्रदर्शनमा







उत्रिएका दलित आन्दोलनका नेता कार्यकर्ताहरूको आन्दोलनलाई पानीका फोहरा समेत प्रयोग गरिएको थियो । आन्दोलनकारीहरूले प्रदर्शन जारी राखेपछि प्रहरीले अन्धाधुन्ध लाठि चार्ज गरेको थियो । संयुक्त दलित संघर्ष समितिको कार्यक्रममाथि गरिएको प्रहरी दमनलाई फासिवादी दमन भन्दै चौतर्फी रूपमा विरोध भइरहेको छ ।

यसैबीच नेकपा (क्रान्तिकारी माओवादी)ले एक प्रेस विज्ञप्ति प्रकाशित गरी घटनाको निन्दा गरेको छ र दोषीलाई कारबाहीको माग पनि गर्दै विज्ञप्तिमा अगाडि भनिएको छ- 'आज जेठ १८ गते काठमाडौंको माइतीघर मण्डलामा रुकुम-जाजरकोट हत्याकाण्डको निष्पक्ष छानविन गर, दोषीलाई कारबाही गर, पीडितलाई क्षतिपुर्ति दे जस्ता मागहरु लिएर संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिले आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनको कार्यक्रममा ओली सरकारले निर्मम दमन गरेको छ । पुलिस प्रशासनले गरेको अन्धाधुन्ध लाठीचार्जबाट संयुक्त दलित अधिकार मञ्च नेपालका महासचिव दुर्गा बराइली, दलित मुक्ति मोर्चा नेपालका सचिवालय सदस्य टेक बहादुर वि.क. लगायत विभिन्न सङ्गठनमा आवद्ध नेता तथा कार्यकर्ता सहित सयौं समर्थक जनता घाइते हुनु भएको छ । हाम्रो पार्टी ओली सरकारले गरेको यस प्रकारको नृशंस दमनको घोर विरोध तथा भर्त्सना गर्दछ । साथै, सरकारसंग घाइतेहरुको निशुल्क उपचारको माग गर्दै उहाँहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ । '

## दलित...

कसैको राजनीतिक दाउपेचको मुद्दा नबनाई निस्पक्ष छानबीन गर्न र घटनामा संलग्न दोषीहरूलाई हदैसम्मको कार्वाही गर्न सरकारसित जोडदार माग गरेको छ ।

क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्य'किरण'ले जारी गरेको वक्तव्यमा दलित र गैरदलितका बीचको प्रेम सम्बन्धका कारण पैदा भएको यस दुःखद घटनाको घोर विरोध तथा भर्त्सना समेत गरेको छ ।

सोही घटनामा परेका सञ्जु वि.क., लोकेन्द्र सुनार र गोविन्द शाही वेपत्ता अवस्थामा रहेका उल्लेख गर्दै वक्तव्यमा भनिएको छ, 'आजको वैज्ञानिक युगमा पनि मनुवादी मान्यतामा आधारित जातपात तथा छुवाछुतको प्रभावका कारण नेपालमा यस प्रकारको घटना घटनु सामन्तवादी संस्कृति र पश्चगामी चेतनाको निकृष्ट अभिव्यक्ति हो । दलित र गैरदलितका बीचको प्रेम सम्बन्धका कारण पैदा भएको यस दुःखद घटनाप्रति हाम्रो पार्टी घोर विरोध तथा भर्त्सना गर्दछ । साथै यस घटनालाई कसैको राजनीतिक दाउपेचको मुद्दा नबनाई निस्पक्ष छानबीन गर्न र घटनामा संलग्न दोषीहरूलाई हदैसम्मको कार्वाही गर्न हाम्रो पार्टी सरकारसित जोडदार माग गर्दछ ।'

## हार्दिक श्रद्धाञ्जली



जन्मः २०३७ असार — मृत्यु : २०७७ जेठ १३

**वीर बहादुर कामी (संसाससेन)**

पहिले जाजरकोट जिल्ला, हाल बाँके जिल्ला कोहलपुर ३ निवासी देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालकी केन्द्रीय सदस्य श्रीमती लक्ष्मी चौलागाईंका श्रीमान् पूर्व जनमुक्ति सेनाका बटालियन कमाण्डर बीर बहादुर कामीको मलेशियामा काम गर्ने सिलसिलामा यहि १३ गते असामयिक निधन भएको समाचारले हामी अत्यन्त दुखित भएका छौं । दिवंगत क. बीर बहादुर प्रति हार्दिक श्रद्धांजली अर्पण गर्दै शोक संतप्त परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दछौं ।

**सी पी गजुरेल,**
**अध्यक्ष**
**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**


**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यक रूपमा घर बाहिर भिडभाडमा नजाने,
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगल तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्स्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**













**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।